का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ जेठ २०७९,
आइतबार
5 June 2022,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १२० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

सत्ता गठबन्धन

# खटपट छ, विकल्प छैन

स्थानीय चुनावका क्रममा एकअर्का दलविरुद्ध अन्तर्घात भएको निष्कर्ष निकाले पनि सत्तारुढ दलहरुले अर्को गठबन्धन बनाउने विकल्प भने देखिरहेका छैनन् । त्यसैले प्रधानमन्त्रीकै अफर आएपनि गठबन्धन कायम रहने नेताहरुले बताउने गरेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ जेठ ।

सत्तारुढ दल नेकपा एकीकृत समाजवादीले गठबन्धनका दलहरुले धोका दिएको निष्कर्ष निकालेको छ । केन्द्रीय कार्यालयमा शनिबार बसेको सचिवालय बैठकले गठबन्धनका दलहरु इमान्दार नभएको प्रारम्भिक निष्कर्ष निकालेको हो । तर आफ्नो दलले भने इमान्दारिता देखाएको पनि बैठकको प्रारम्भिक निष्कर्ष छ ।

पूर्वप्रधानमन्त्री एवम् एकीकृत समाजवादीका नेता झलनाथ खनालले गठबन्धनप्रति असन्तुष्टि रहेको बताए । 'हामी अलिक होइन, बेहद असन्तुष्ट छौं । पाँच दलको गठबन्धनभित्र सम्मानजनक रुपले गठबन्धन हुँदै भएन', खनालले भने ।




यो निष्कर्ष पाँच दलको गठबन्धनभित्र र पार्टीभित्र पनि समीक्षाको विषयका रुपमा राखिने नेता खनालले बताए । पूर्वप्रधानमन्त्री खनालले स्थानीय चुनाव लगत्तै गठबन्धनभित्र नेपाली कांग्रेसले धोका दिएको बताएका थिए । गठबन्धनलाई भन्दा पनि नेकपा एमालेका उम्मेद्वारलाई मतदान गरेर कांग्रेसले धोका दिएको खनालले बताउने गरेका छन् ।

शनिबारको सचिवालय बैठकमा पनि गठबन्धनप्रति इमान्दारिता देखाँदा धोका भएको निष्कर्ष निकालेको थियो । गठबन्धन गर्दा एकीकृत समाजवादीले पोखरा महानगरपालिकाको मेयर जितेको छ । तर काठमाडौं महानगर पालिकामा उपमेयरमा रामेश्वर श्रेष्ठले जित्न सकेनन् । एमालेबाट सुनिता डंगोलले उपमेयर जित्दा विशाल मतान्तरले श्रेष्ठ पराजित भए । धुलिखेल नगरपालिकामा एकीकृत समाजवादीले मेयर – बाँकी पृष्ठ २ मा

ट्राफिक नियमको पालना गरौं ।

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं,
- सडक बत्ति हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ नगरौं,
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ गरौं,
- पैदलयात्रीले फुटपाथ तथा आकाशे पुलको प्रयोग गरौं ।

*सडक दुर्घटनाबाट आफू पनि बचौं,*
*अरूलाई पनि बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड



पाटनको जाउलाखेलमा शनिबार रातो मछेन्द्रनाथको भोटो देखाइदै । तस्वीरः रासस

# अदालतको आदेशविरुद्ध एकमत

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २१ जेठ ।

निजगढ विमानस्थल निर्माण कार्य रोक्न सर्वोच्च अदालतले आदेश दिएपनि राजनीतिक दलका शीर्षस्थ नेताहरुले विमानस्थल बनाएरै छाड्ने बताउन थालेका छन् । निजगढ विमानस्थल देशको अपरिहार्य आवश्यकता भएको भन्दै विमानस्थल बनाउनुपर्ने बताएका छन् ।

'निजगढ विमानस्थल बनाउने हो, बन्छ, यसै वर्ष सुरू गर्ने हो । यसको लागि जे पनि गर्न तयार छु,' अर्थमन्त्री जनार्दन शर्माले भनेका छन् 'यो जनार्दन शर्माको प्रतिबद्धता हो। शेरबहादुर देउवा सरकारको प्रतिबद्धता हो ।' एक वर्षभित्र विमानस्थल निर्माण शुरु गरिने पनि बताएका छन् ।

हालै सर्वोच्च अदालतले निजगढ विमानस्थल निर्माण गर्न सरकारले गरेका सबै निर्णय बदर गरिदिएको छ र विमानस्थल बनाउनै पर्ने भएमा विकल्प खोज्न आदेश दिएको छ । तर उक्त फैसलाको पूर्णपाठ सार्वजनिक नहुँदै अर्थमन्त्री शर्माले निजगढ विमानस्थल निर्माण गर्ने बताएका हुन् । एमालेका सांसद भीम रावलले पनि कानुन परिवर्तन गरेर भए पनि निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बन्नुपर्ने बताउँदै आएका छन् ।

'कानुन परिवर्तन गरेर भए पनि निजगढ विमानस्थल बनाउनुपर्छ । यदि अदालतले त्यसको चौकिल्ला निर्धारण गरेको छ भने त्यो चौकिल्लामा अलिकति मिलाएर बनाऔं न । लड्नु पर्‍यो भने लडौंला मुद्दा । अदालतले चाहिँ गर्नुहुने अनि हामीले देशको हितमा कदम चाल्न नहुने हुन्छ ? – बाँकी पृष्ठ २ मा

# ओलीको आलोचना गरे कार्बाही !

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ जेठ ।

नेकपा एमालेका स्थायी कमिटी सदस्य घनश्याम भूसाललाई अनुशासनको कार्बाही गर्न सिफारिस गरिएको छ । अनुशासन आयोगको सचिवालय बैठकले भूसाललाई आवश्यक कार्बाही गर्न सिफारिस गरिएको हो । भूसालले पार्टी अध्यक्ष केपी शर्मा ओलीको आलोचना गरेकाले कार्बाहीको सिफारिस गरिएको आयोगका अध्यक्ष केशव बडालले बताए ।

'एक जना स्थायी कमिटीका नेतालाई अनुशासनको कार्बाही गर्न सिफारिस गरेका छौं' बडालले भने, 'पार्टीले आवश्यक कार्बाही गर्नेछ ।' पार्टी हित, पार्टी अध्यक्ष र पार्टी नीतिको आलोचना गर्नुअघि पार्टी सदस्यता त्याग्नुपर्ने बडालले बताए ।

'एउटा नागरिकको हैसियतमा जति गाली गरेपनि हुन्छ । तर पार्टीमा बसेर अध्यक्षको विरुद्धमा बोल्न पाइदैन', बडालले भने । भूसालले स्थानीय चुनावमा भएको



पराजयको नैतिक जिम्मेवारी अध्यक्ष ओलीले लिनुपर्ने बताएका थिए । तर सार्वजनिक मञ्चबाटै अध्यक्षलाई कमजोर बनाउनेगरी अभिव्यक्ति दिएकाले कार्बाहीको सिफारिस गरिएको बडालले बताए ।

यसअघि तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को विवाद र एमाले विभाजन हुँदै गर्दा पनि पटकपटक भुसाललाई कार्बाहीको निर्णय भएको थियो । तर गएको वर्ष १० बुँदे सहमति गरी भूसाल सहित नेताहरुमै एमालेमै बसे । अन्य नेताहरुलाई अध्यक्ष ओलीले पदाधिकारीमै समेटे पनि भीम रावल, भूसाल र भीम आचार्य भने पदाधिकारीमा दोहोरिएका छैनन् । नवौं महाधिवेशनबाट रावल उपाध्यक्ष, भूसाल उपमहासचिव र आचार्य सचिव निर्वाचित भएका थिए । तर गएको मंसिरमा चितवनमा सम्पन्न दशौं राष्ट्रिय महाधिवेशनबाट भने यी नेताहरु पदाधिकारी दोहोरिएनन् ।

भूसाल उपाध्यक्षका उम्मेद्वार थिए । उपाध्यक्षमा पराजित भूसालले स्थानीय चुनाव अगाडि वाम गठबन्धन नगरे एमालेले जित्न नसक्ने बताएका थिए । त्यसबेला पनि अध्यक्ष ओलीले सार्वजनिक रुपमै भूसालको खण्डन गरेका थिए । चुनावमा एमाले एक्लै भाग लिदा ठूलो पराजय बेहोरेको छ । ०७४ मा २९४ स्थानीय तह जितेको एमालेले यसपटक २०५ स्थानीय तह मात्रै जितेको छ । तर त्यसबेला २६६ स्थानीय तह जितेको कांग्रेसले भने यसपटक ३२९ स्थानीय तह जितेर पहिलो राजनीतिक शक्ति बनेको छ ।

# श्रमिकका गुनासो सम्बोधन गर्न श्रम काउन्सिलर र सहचारीहरूलाई निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ जेठ

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले श्रम गन्तव्य मुलुकमा उच्च तत्परताका साथ नेपाली कामदारका गुनासो सुनुवाइ गर्न नवनियुक्त श्रम सहचारी र काउन्सिलरलाई निर्देशन दिएका छन् । साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स (यूएई), बहराइन र कतारका लागि नियुक्त भएका काउन्सेलर (श्रम) र श्रम सहचारीहरुको अभिमुखीकरण कार्यक्रम समापनमा मन्त्री श्रेष्ठले उक्त निर्देशन दिएका हुन् ।

मन्त्री श्रेष्ठले नेपाली श्रमिकहरु टाढाटाढाबाट गुनासो लिएर दूतावासमा आउँदा पनि आफ्नो समस्या नसुनिएको गुनासो व्याप्त रहेको भन्दै श्रमिकका समस्या समाधानका लागि प्रभावकारी भूमिका खेल्न निर्देशन दिए ।

श्रमिकको हक अधिकारको संरक्षण, समस्या परेको अवस्थामा उद्धार तथा रोजगारदाता र कामदारबीच भएको विवाद समाधानमा काउन्सेलर (श्रम) र श्रम सहचारीहरुले भूमिका खेल्नुपर्ने मन्त्री श्रेष्ठले बताए ।

मन्त्रालयका सचिव एकनारायण अर्यालले काउन्सेलर (श्रम) र श्रम सहचारीहरु विदेशी कानून तथा आप्रवासी कामदारको मुद्दाबारे जानकार हुनुपर्ने बताए ।

अभिमुखीकरणमा वैदेशिक रोजगार व्यवस्थापन प्रणाली, श्रम आप्रवासन, द्विपक्षीय श्रम सम्झौता, श्रम कुटनीति, वैदेशिक रोजगार सम्बन्धी कानूनलगायतबारे विज्ञहरुले प्रशिक्षण दिएका थिए ।

विदेशमा कामदारको सहयोगका लागि श्रम सहचारी – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## एसोसिएसन र अमेरिकी संस्था ईशाराबीच छलफल

**काठमाडौं/मस–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले स्वच्छ एवं न्यायोचित भर्ना सम्बन्धी अमेरिकी संस्था ईशाराका प्रतिनिधिहरूसँग छलफल गरेको छ । उक्त संस्थाको थाइल्याण्डस्थित क्षेत्रीय कार्यालयका निर्देशक ओहनमार इई चाओको नेतृत्वमा आएको प्रतिनिधिमण्डल र एसोसिएसन प्रतिनिधिमण्डलबीच शनिबार एसोसिएसनको कार्यालय नयाँ बानेश्वरमा छलफल भएको हो ।

एसोसिएसनका तर्फबाट अध्यक्ष कुमुद खनालको नेतृत्वमा कार्यसमितिका सम्पूर्ण पदाधिकारी एवं सदस्य, सल्लाहकार तथा अन्य व्यवसायीको उपस्थिति रहेको थियो । अध्यक्ष खनालले उक्त संस्थासँगको सहकार्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीहरुलाई स्वच्छ एवं न्यायोचित भर्ना सम्बन्धी तालिम निःशुल्क दिलाउने निर्णय समेत गरेको बताए ।

श्रम तथा आप्रवासनमा रहने कामदारको भर्ना प्रक्रिया स्वच्छ एवं न्यायोचित हुनुपर्ने – बाँकी पृष्ठ २ मा

**KUWAIT मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: GULF NASEEM GENERAL TRADING AND CONTRACTING COMPANY. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०२/२० चलानी नं.: ६०१८०३२७ LT. No.: 264254

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labor/helper (Indoor) | 145 | 0 | सम्बन्धित काममा दक्ष | 85 | ३४,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Asst. Electrician | 25 | 0 | | 115 | ४६,५४० | | | | | | | |
| 3. | Carpenter | 12 | 0 | | 115 | ४६,५४० | | | | | | | |
| 4. | Driver | 5 | 0 | | 135 | ५४,६३४ | | | | | | | |
| 5. | Fitters | 8 | 0 | | 115 | ४६,५४० | | | | | | | |
| 6. | Mason | 8 | 0 | | 115 | ४६,५४० | | | | | | | |
| 7. | Painter | 8 | 0 | | 115 | ४६,५४० | | | | | | | |
| 8. | Scaffolder | 8 | 0 | | 115 | ४६,५४० | | | | | | | |
| 9. | Steel Fixer | 12 | 0 | | 115 | ४६,५४० | | | | | | | |

प्रि-अन्तर्वाता घमाघम मेनपावर कार्यालयमा भईरहेको छ ।

अन्तर्वाता मेनपावर कार्यालय, सामाखुसी, काठमाडौंमा २०७९ जेष्ठ २७, २८ र २९ गते (10, 11 & 12 June 2022) मा हुनेछ ।
अन्तर्वाता सि.पि. होटेल, विर्तामोड झापामा २०७९ जेष्ठ ३० र ३१ गते (13 & 14 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु स"ग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं.: ३९७/०६०/०६१

**फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.**
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं Email: futurestarmp397@gmail.com
Kathmandu Office :- 01-4360576, 4350719, 9810101810, 9851100426, Branch Office Jhapa Birtamod :- 023-543784 , 9816915286, 9823145954

यस मेनपावर कम्पनीको लागि Manager - 1 (M/F), Office Secretary - 1 (F), Documentation - 3 (M/F), Receptionist - 2 (F), Labor Representative - 1 (M), PRO - 6 (M/F), Kitchen Helper - 1 कर्मचारी चाहिएको हुनाले इच्छुक व्यक्तिहरुले तुरुन्त कार्यालयमा सम्पर्क गर्नुहोला ।

## संयुक्त प्रेस विज्ञप्ति

मिति २०७९ जेठ १९ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सभा कक्षमा माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यूको अध्यक्षतामा मन्त्रालय तथा मातहत निकायका उच्च अधिकारीहरु तथा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु र नेपाल स्वास्थ्य व्यवसायी महासंघ कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु समेतको उपस्थितिमा बैठक बसी कोभिड महामारीको अन्त्यसँगै भर्खर सुचारु भएको मलेसियाको रोजगारीलाई मर्यादित, व्यवस्थित र पारदर्शी बनाउनका लागि मन्त्रालय, संघ र महासंघका बीचमा निम्न बमोजिम गर्ने भन्ने सहमति भएको हुनाले संघसँग आवद्ध वैदेशिक रोजगार व्यवसायी र महासंघसँग आवद्ध मलेसिया जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने बायोमेट्रिक मेडिकलसँग आवद्ध स्वास्थ्य व्यवसायीहरुले निम्न बमोजिम गर्नुहुन हार्दिक अनुरोध गर्दछौं ।

१. वैदेशिक रोजगार व्यवसायीले कामदारको स्वास्थ्य परीक्षण गराउँदा वैदेशिक रोजागर ऐन २०६४ बमोजिम पूर्व स्विकृति लिइसकेपछि विज्ञापन प्रकाशित भएको मितिले ७ दिन कटिसकेपछि मात्र कामदार छनोट गर्ने र पूर्व स्विकृतिको लट नं. उल्लेख गरी कामदारको स्वास्थ्य परीक्षण गर्न पठाउने ।
२. स्वास्थ्य परीक्षण गर्दा स्वास्थ्य व्यवसायीले प्राथामिकताको आधारमा First Come First Service सेवा उपलब्ध गराउने ।
३. वैदेशिक रोजगार विभागले पूर्व स्विकृति लिई कामदार छनोट भएको मितिभन्दा अगाडि स्वास्थ्य परीक्षण गराएको रिपोर्टलाई मिति २०७९ जेठ २३ गते सोमबारभन्दा पछि मान्यता प्रदान नगर्ने र त्यस्ता कामदारको श्रम स्विकृति नहुने ।
४. बायोमेट्रिक मेडिकलसँग आवद्ध स्वास्थ्य परीक्षण गर्ने संस्थाहरुले नेपाल सरकारले तोकेको स्वास्थ्य परीक्षण शुल्क रु ५,५००। (अक्षरेपी पाँच हजार पाँच सय रुपैयाँ मात्र) र मलेसिया सरकारले तोकेको बायोमेट्रिक सिष्टम चार्ज रु ३१६४ (अक्षरेपी तिन हजार एक सय चौसट्ठी रुपैयाँ मात्र) भन्दा बढी लिन नपाउने र स्वास्थ्य परीक्षण गराएका कामदारलाई सो शुल्कको बिल अनिवार्य उपलब्ध गराउनु पर्ने ।
५. वैदेशिक रोजगार व्यवसायीले मलेसिया जाने कामदारको श्रम स्विकृति लिइसकेपछि कामदारको उडान तालिका उडान हुनुभन्दा ३ दिन अगावै वैदेशिक रोजगार विभागलाई उपलब्ध गराउनु पर्ने ।

कैलाश खड्का
अध्यक्ष
नेपाल स्वास्थ्य व्यवसायी महासंघ
सिनामंगल, काठमाडौं

बिमल ढकाल
संयोजक
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
गौशाला, काठमाडौं

मध्यान्ह
www.madhyanhadaily.com
२२ जेठ २०७९, आइतबार
5 June 2022, Sunday

## हरिजन मृत्यु प्रकरण

# अनुसन्धान टोलीको लर्को



**रोल्पा/मस–** यहि जेठ ४ गते रोल्पा कारागारमा एक कैदीबन्दीको आत्महत्याका विषयमा सरकारी तथा गैरसरकारी निकायहरुले स्थलगत अनुसन्धान सुरु गरेका छन्।

सुर्खेत घर भई रोल्पा कारागारमा रहेका भनिएका विजयविक्रम शाहका नाममा कैद भुक्तान गरेका बाँके नेपालगञ्ज उपमहानगरपालिका-२ घरवारी टोलका सुन्दर हरिजनले उक्त कारागारको शौचालयमा झुन्डिएर आत्महत्या गरेका थिए । घटनापछि मात्रै एक व्यक्तिको नामको कैद अर्को व्यक्तिले भुक्तान गरेको रहस्य खुलेको थियो ।

घटनाको सत्यतथ्य पत्ता लगाउन सरकारको मन्त्रीस्तरीय निर्णयबाट गृह मन्त्रालयका सहसचिव सूर्यप्रसाद सेढाईंको नेतृत्वमा सात दिनभित्र प्रतिवेदन पेस गर्ने गरी एक समिति गठन गरिएको छ । समितिका सदस्यहरु शनिबार रोल्पा आउने कार्यक्रम छ । यसअघि कारागार व्यवस्थापन विभागका निर्देशक झकेन्द्र चापागाईंको नेतृत्वमा गठित समितिले स्थलगत अध्ययन गरी प्रतिवेदन बुझाइसकेको छ ।

राष्ट्रिय मानवअधिकार आयोगले नेपालगञ्ज क्षेत्रीय कार्यालयका उपसचिव झङ्करबहादुर रावलको नेतृत्वमा समिति गठन गरी बिहीबारदेखि अनुसन्धान सुरु गरेको छ । सो समितिको टोलीले स्थानीय प्रशासन, सुरक्षा अधिकारी, कारागार प्रशासनसँग शुक्रबार भेटघाट तथा छलफल गर्नाका साथै सोही दिन जिल्लाका नागरिक समाज, पत्रकारहरुसँग समेत छलफल गरेको थियो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकका लुम्बिनी प्रदेश संयोजक भोला महत नेतृत्वको टोलीले समेत अनुसन्धान थालेको छ । उसले रोल्पा कारागार, त्यहाँका कैदी, कारागार अधिकारी, स्थानीय प्रशासन, प्रहरी लगायतसँग पनि छलफल गरेको थियो । पत्रकार तथा नागरिक अगुवाहरुसँग भएको छलफलमा उपसचिव रावलले गम्भीर मानवअधिकार उल्लङ्घनको विषय भएकाले राष्ट्रिय मानवअधिकार आयोगको ध्यानाकर्षण भएको बताए । आयोगले स्वतन्त्र र निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउन र आगामी दिनमा यस्ता घटना नदोहोरिने वातावरण बनाउन सरकारलाई सचेत बनाउने गरी प्रतिवेदन दिने तयारी गरिरहेको छ ।

# दाङ–सल्यान सडक खण्डमा टिपर प्रतिबन्ध

**सन्दिप खड्का/मध्यान्ह**
रोल्पा, २१ जेठ





दाङ-सल्यान सडक खण्डमा टिपरलाई प्रतिबन्ध लगाइएको छ । जिल्लाको कपुरकोट गाउँपालिकाको कार्यपालिका बैठकले ढुंगा ओसारपसार गर्ने टिपरलाई प्रतिबन्ध लगाउने निर्णय गरेको हो । यो सडक खण्डमा रोल्पा सिमेन्ट प्रालिका टिपरहरु अत्याधिक भारबहन सहित आवतजावत गर्ने गर्दछन् ।

जसले गर्दा कपुरकोट क्षेत्रका नागरिकको जिउधनको सुरक्षामा समेत ठुलो समस्या रहेको कपुरकोट गाउँपालिका उपाध्यक्ष प्रकाश भण्डारी बताए । स्थानीयहरुको मागअनुसार ढुंगा बोक्ने टिपरमा प्रतिबन्ध लगाउने निर्णय गरेको उनले बताए । पालिकाको उक्त निर्णय सबै सरोकारवालाहरुलाई पत्रचार गरेको उनको भनाइ छ ।

गाउँपालिकाको निर्णयसँगै स्थानीयहरु टिपर रोक्न सडकमै उत्रिएका छन् । शनिबार बिहानमात्रै एउटा टिपरलाइ खाली भन्ने ठाउँबाट फर्काएको स्थानीय अम्मर विसीले बताए । उनले आ-आफ्नो ठाउँबाट टिपर आतंकलाई बन्द गर्नका लागि सहयोग गर्न पनि आग्रह गरेका छन् । त्यस्तै वाइसीएल नेपालको केन्द्रीय सदस्य दिपेन्द्र कुमार क्षेत्रीले पनि टिपर आतंकलाई बन्द गर्न सम्पूर्ण कपुरकोटबासीलाई आह्वान गरेका छन् । उनले सामाजिक सञ्जाल फेसबुक मार्फत पनि आग्रह गरिएको जानकारी दिए ।

रोल्पाको त्रिवेणीमा रहेको रोल्पा सिमेन्ट प्रालिले दैनिक १ सय ५० भन्दा बढी टिपर प्रयोग गरेर सल्यानको कपुरकोट हुँदै दाङ तर्फ ढुंगा निकासी गर्दै आएको छ । सिमेन्ट उत्पादनको नाममा रोल्पा सिमेन्ट प्रालिले नागरिकको जिउधन र प्रकृतिमाथि ठूलो असर गरेको भन्दै पटक-पटक स्थानीयहरुले अवरोध गर्दै आएका छन् ।

## बस र मोटरसाइकल ठोक्किँदा २ जना घाइते

**कमल खड्का/मध्यान्ह**
रोल्पा, २१ जेठ



रोल्पाको रुन्टीगढी गाउँपालिकाको होलेरी बजार नजिकै बस र मोटरसाइकल एकापसमा ठोक्किँदा २ जना घाइते भएका छन् । दाङको तुलसीपुरबाट ३१ जना स्वर्गद्वारी दर्शनार्थी लिएर आएको ना ४ ख ५६९० नम्बरको बस दर्शन गरी फर्किने क्रममा र होलेरीबाट स्वर्गद्वारी तर्फ जाँदै गरेको रा ५ प ३१५ नम्बरको मोटरसाइकल घुम्तीमा एकआपसमा ठक्कर खाँदा दुर्घटना भएको हो । दुर्घटना लगतै घटनस्थल पुगेको ईलाका प्रहरी कार्यलयको टोलीले घाइते दुवै जनालाई प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारका लागि गरेको थियो । एक जनाको जनाको अवस्थामा गम्भीर भएकाले थप उपचारका लागि दाङ रिफर छ । बस र मोटरसाइकललाई प्रहरीले नियन्त्रणमा लिएको छ । घरटनाबारे थप अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यलय होलेरी रोल्पाका ईन्चार्ज मधु सुदन विकले जानकारी दिए ।

# हजयात्रीको शुल्क घटाउन माग गर्दै गृहमन्त्रीलाई ज्ञापनपत्र

**काठमाडौं/मस–** गृहमन्त्री बालकृष्ण खाणलाई नेपाल मुस्लिम इत्तेहाद संगठनले मक्का मदिनामा जाने हजयात्रीको शुल्क घटाउन माग गर्दै ज्ञापनपत्र बुझाएको छ ।

सङ्गठनका अध्यक्ष सराज अहमद फारुकीको नेतृत्वमा गएको टोलीले शनिबार मन्त्री खाणलाई भेटी हज गर्न जाने हजयात्रीका लागि तोकिएको शुल्क घटाउन माग गर्दै ज्ञापनपत्र बुझाएको संगठनका सचिव हलिम साहले जानकारी दिए ।



सरकारले साउदी अरबको मक्का मदिनामा हज गर्न जाने हजयात्रीका लागि विगतभन्दा दोब्बर शुल्क तोकेको छ । यही जेठ १५ गते नेपाल हज कमिटीले सूचना जारी गर्दै मक्कामदिना जानका लागि हजयात्रीबाट चार लाख ६६ हजार ३९२ रूपैयाँ तोकिएकामा २०७६ सालमा दुई लाख २५ हजार रूपैयाँ शुल्क तोकिएको जनाएको छ ।

सङ्गठनका सचिव साहले मुस्लिम समदायको आर्थिक अवस्था कमजोर हुँदा अहिले तोकिएको शुल्क तिरेर जाने अवस्था नरहेको हुँदा शुल्क घटाउन माग गरिएको बताए । ज्ञापनपत्र बुझ्दै मन्त्री खाणले शुल्क घटाउने प्रतिबद्धता व्यक्त गरे । ज्ञापनपत्रमा विगतका वर्षमा झैं यसपटक पनि हज गर्ने जाने यात्रीलाई आर्थिक अनुदान दिनुपर्ने, हजयात्रीलाई पैसा जम्मा गर्ने समयावधि जेठ ३० गतेसम्म राख्नुपर्ने, आर्थिक वर्ष २०७६/७७ मा हज गर्न जान भनी फारम भरी रकम जम्मा गरेका हजयात्रीलाई पहिलो प्राथमिकता दिनुपर्ने सचिव साहले जानकारी दिए ।

आगामी असार ७ गते हजयात्री हज गर्नका लागि मक्कामदिनामा जाने तयारीमा छन् । कोरोना भाइरसका कारणले २०७७/७८ सालमा हज गर्न बन्द गरिएको थियो । नेपालका लागि हजयात्रीका लागि एक हजार ५०० जनाको कोटा भएपनि कोरोना भाइरसका कारण ५५४ जनालाई मात्र सरकारले लैजाने भएको छ । नेपालबाट विसं २०२१ सालदेखि नै हज गर्नका लागि मुस्लिम समुदायका मानिस मक्कामदिना जाने गरेका थिए । सुरुवातीका बेला भारतको मुम्बईबाट समुद्रसहत हुँदै हजयात्री मक्कामदिना गरिएकामा विसं २०४७ सालदेखि हवाई मार्ग हुँदै गरिएको हो । पवित्र तीर्थस्थलका रुपमा रहेको मक्कामदिनामा विश्वभरका मुस्लिम समुदाय हज गर्ने गर्दछन् । मक्कामदिनामा गएर नमाज पढे र कुर्वानी दिए विगतमा गरिएका पाप कट्ने धार्मिक विश्वास रहेको छ ।

### सत्ता ....

भागबण्डामा पाएको थियो । तर कांग्रेसका नेताले बागी उम्मेद्वारी दिएपछि एमालेका उम्मेद्वार मेयर निर्वाचित भए । एकीकृत समाजवादीमा जस्तै असन्तुष्टि अन्य गठबन्धनका दलमा पनि देखिएको छ ।

एकीकृत समाजवादी जस्तै जनता समाजवादी पार्टीले पनि गठबन्धन इमान्दार नभएको निष्कर्ष निकालेको छ । जसपालाई वीरगञ्ज महानगरको मेयर, जनकपुर उपमहानगर पालिकाको मेयर र विराटनगर महानगर पालिकाको उपमेयर भागमा परेको थियो । तर विरगञ्जको मेयरमा राजेशमान सिंह मात्रै निर्वाचित भए । जनकपुरमा कांग्रेसकै मनोज साहले स्वतन्त्र उम्मेद्वारी दिएर निर्वाचित भए ।

विराटनगरमा जसपाका अध्यक्ष उपेन्द्र यादवकै छोरा उपमेयरका उम्मेदवार थिए । तर एमालेकी शिल्पा कार्की निर्वाचित भइन् । गठबन्धनकै भोट कार्कीले ल्याउँदा मेयर जितेर पनि उपमेयर पराजित हुने अवस्था रहेको असन्तुष्टि छ । मेयर भने कांग्रेसका नागेश कोइराला निर्वाचित भए ।

विराटनगरकै जस्तो अवस्था ललितपुरमा देखिएको थियो । ललितपुरको मेयरमा कांग्रेसका चिरिबाबु महर्जन निर्वाचित भए । तर उपमेयरमा भने एमालेकी मञ्जली शाक्य निर्वाचित भइन् । ललितपुरमा नेकपा माओवादी केन्द्रले उपमेयर भाग पाएको थियो । माओवादी केन्द्रबाट उपमेयरको उम्मेद्वार बनेका बाबुराज बज्राचार्य भने पराजित भए । तर पोखरामा भने कांग्रेसका उम्मेद्वार पराजित भए ।

मेयरमा एकीकृत समाजवादीका धनराज आचार्य एमालेका कृष्ण थापालाई हराउँदै मेयर निर्वाचित भए । तर उपमेयरमा भने एमालेकी मञ्जुदेवी गुरुङ निर्वाचित हुँदा कांग्रेसकी कोपिला रानाभाट पराजित भइन् । यसरी स्थानीय चुनावमा एकअर्कामा धोका भएको निष्कर्ष निकाले पनि गठबन्धन तोड्ने अवस्थामा भने कुनैपनि दल देखिन्न । त्यसको कारण भने गठबन्धन तोडे फेरि एमाले आउने चुनावमा बलियो हुने भय नै हो ।

### अदालतको....

अदालत के छुट्टै टापुमा बसेको हो कुनै ? सरकारको अङ्ग होइन ? देश, जनताप्रति जिम्मेवार हुनुपर्दैन ? राष्ट्रको स्वार्थ कहाँ छ भन्नेकुरा हेर्नु पर्दैन ? त्यहाँ बस्ने व्यक्तिहरूले ? पर्छ । यो बन्नैपर्छ' नेता रावलले भने ।

उनी मात्रै होइन, प्रधानमन्त्री शेरबहादुर देउवा, एमालेका अध्यक्ष केपी ओली, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, मन्त्री रामकुमारी झाँक्री, नेता योगेश भट्टराई लगायतले विमानस्थल बनाउन रोकिन नहुने बताएका छन् । अर्थमन्त्री शर्माले लगानी बोर्डमार्फत लगानीको ढाँचा निर्माणगरी निजगढ विमानस्थल आयोजना विकास कार्य अघि बढाउने उल्लेख गरेका छन् । विमानस्थल निर्माणका लागि हालसम्म नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले तीन अर्ब खर्च गरिसकेको छ ।

विमानस्थल क्षेत्रमा पर्ने आठ हजार ५० हेक्टर जग्गा विमानस्थलका नाममा आइसकेको प्राधिकरणले जनाएको छ । तर, शनिबार निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको काम अघि नबढाउन सर्वोच्च अदालतले दिएको आदेशको पक्षमा काठमाडौंमा प्रदर्शन भएको छ । बिना विकल्प सो विमानस्थलको धावनमार्ग टांगियाबस्तीमा बनाउने सरकारको निर्णयको विपक्षमा सर्वोच्च अदालतको आदेश आएकाले त्यसको कार्यान्वयनको माग गर्दै उनीहरुले प्रदर्शन गरेका हुन् ।

### श्रमिकका ...

राख्न सकिने कानूनी व्यवस्था छ । मन्त्रालयले साउदी अरेबिया, रियादको काउन्सेलरमा देवेन्द्र कार्की र संयुक्त अरब इमिरेट्सका लागि दीनबन्धु सुवेदी तथा बहराइनको श्रम सहचारीमा जमुना काफ्ले र कतारका लागि कृष्ण पौडेललाई नियुक्त गरेको हो ।

### एसोसिएसन...

विश्वव्यापी मान्यता रहेको छ । अमेरिकी तथा युरोपेली मुलुकहरूले स्वच्छ एवं न्यायोचित भर्ना प्रक्रियाको अभ्यास र पालना गर्दै आइरहेकोमा पछिल्लो समय ठूलो संख्यामा अदक्ष नेपाली कामदार वैदेशिक रोजगारीका लागि जाने मलेसियाले पनि स्वच्छ एवं न्यायोचित भर्ना प्रक्रियालाई विशेष जोड दिएको छ ।

अध्यक्ष ढकालले निष्पक्ष र नैतिक रोजगारी प्रक्रियाका लागि विभिन्न तहमा रोजगारदाता, रोजगार व्यवसायी र कामदारबीचको तालमेल नै प्रमुख विषय हो भन्ने विषयमा दुबै संस्थाको समान दृष्टिकोण पाइएको बताए ।

कामदार भर्ना प्रक्रियामा व्यावसायिकता, निष्पक्षता, पारदर्शिताको उच्चतम स्तर सुनिश्चित गर्न तर्जुमा गरिएका उत्कृष्ट अभ्यासहरूलाई पालना गर्न नेपाली वैदेशिक रोजगार व्यवसायीहरू तत्पर रहेको र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्ण कुमार श्रेष्ठ (किसान)ले पनि त्यसका लागि जोड दिएको अवस्थामा ईशारासँगको छलफल फलदायी रहेको खनालको भनाइ छ । एथिकल रिक्रुटमेन्ट भन्ने बित्तिकै सम्पूर्णमा शून्य लागत भन्ने बुझाइ पनि गलत हुने भन्दै उनले अनधिकृत बिचौलियाहरूको अन्त्य हुँदा कामदार, रोजगारदाता र सरकारबीच सरल वातावरण सिर्जना शुने भएकोले यस प्रक्रियामा सकेसम्म सबै व्यवसायीलाई समेट्ने बताए ।

केही व्यवसायीहरूले मलेसियास्थित बहुराष्ट्रिय लगानीका कम्पनीमा कामदार पठाउन म्यानपावर कम्पनीले आरबिआई तालिमको अनिवार्यता गरेका छन् ।

अध्यक्ष खनालले ईशाराले सञ्चालन गर्ने तालिम बढी प्रभावकारी रहेको बताए । उक्त कम्पनीले इण्डोनेशिया र क्याम्बोडियाबाट थाइल्याण्ड आएका कामदारका विषयमा अध्ययन गरेको र रोजगारीका लागि अब मलेसिया जाने नेपाली कामदारसँग नेपाल र मलेसियामा अध्ययन गर्ने तयारी गरेको बताइएको छ ।

उक्त संस्थाले भर्ना प्रक्रियामा कामदारले झन्झटिला प्रक्रिया, ढिलासुस्ती र अनुचित खर्च लिए नलिएको, ठगीविरूद्ध प्रशासनको कार्यसम्पादन जस्ता विषयमा औपचारिका तथा अनौपचारिक छलफल गरेर प्रतिवेदन समेत तयार गर्ने एसोसिएसनलाई बताएको एसोसिएसन कार्यसमिति सदस्य अमर तिवारीले जानकारी दिए ।

## छात्रामाथि यौन दुर्व्यवहार वार्डेन पक्राउ

**काठमाडौं/मस-**छात्रामाथि यौन दुर्व्यवहारको आरोप लागेका होल्टेलका वार्डेनलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा काठमाडौंको जोरपाटीस्थित सर्वनाम शिक्षालयको होस्टेलका वार्डेन रामजी बस्नेत रहेका छन् ।

१५, १२ र १३ वर्षका छात्राले आफूमाथि बस्नेतबाट यौन दुर्व्यवहार भएको अभिभावकलाई सुनाएपछि स्कुलमा खबर गरेका छन् ।

अभिभावकले प्रधानाध्यापकलाई यसबारे जानकारी गराएपछि विद्यालयले प्रहरीमा खबर गरेको थियो । लगत्तै प्रहरीले उनलाई शनिबार रामेछापबाट पक्राउ गरेको हो । रामछाप घर भएका उनलाई काठमाडौं ल्याइँदै गरेको प्रहरी बृत्त बौद्धले जनाएको छ ।

यसैबीच २० वर्षीया युवतीलाई बलात्कार गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा दोलखाको तामाकोशी गाउँपालिका-६ च्यामाका १९ वर्षीय जीवन केसी छन् ।

उनलाई प्रहरीले शुक्रबारराति काठमाडौंको चाबहिलबाट पक्राउ गरेको हो ।

काठमाडौं महानगरपालिका-१ हात्तीसारस्थित रेस्टुरेन्टमा वेटर काम गर्ने जीवनले ती महिलालाई सोही रेस्टुरेन्टमा जबरजस्ती करणी गरेको भन्ने प्राप्त खबर प्राप्त हुनासाथ प्रहरी वृत्त दरबारमार्गबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# विश्व वातावरण दिवस मनाइँदै

**काठमाडौं/मस–** आज विश्व वातावरण दिवस । नेपालमा पनि विभिन्न कार्यक्रम गरी यो दिवस मनाइँदै छ । संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको आव्हानमा हरेक वर्ष जुन पाँच तारिखमा यो दिवस मनाउने गरिएको छ ।



यसैबीच राष्ट्रपति विद्यादेवी भण्डारीले विश्ववातावरण दिवस (जुन ५)का अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीलाई शुभकामना व्यक्त गरेकी छन् ।

राष्ट्रपति कार्यालयबाट जारी गरिएको सन्देशमा संयुक्त राष्ट्रसंघको आह्वानमा ५० वर्ष अघिदेखि मनाउन थालिएको 'विश्वातावरण दिवस'को सान्दर्भिकता हरेक वर्ष बढ्दै गएको भनिएको छ ।

प्रकृतिको स्वभाविक सन्तुलनमाथि नकारात्मक दबाब उत्पन्न गर्ने मानवीय क्रियाकलापका कारण पृथ्वीको पारिस्थितिक प्रणाली, वर्षाचक्र र जलवायु सन्तुलनमा अस्वाभाविक परिवर्तन आउन थालेको वैज्ञानिक प्रमाण उपलब्ध भएसँगै वातावरण दिवसप्रतिको संवेदनशीलता वृद्धि भएको उल्लेख गरिएको सन्देशमा जलवायु परिवर्तनले विश्वव्यापी संकटको स्वरूप ग्रहण गरिरहेको परिवेशमा हामी प्रकृति र मानव सभ्यताको दिगो सहअस्तित्वका लागि 'केवल एउटै पृथ्वी' भन्ने मूल विषयमा आधारित भई यस वर्षको विश्वातावरण दिवस मनाइरहेका छौं । हामीसँग पृथ्वीजस्तो सजीव ग्रह एउटै मात्र भएकाले प्रकृतिका अन्य अवयवहरूको संरक्षण गर्दै सबैखाले प्राकृतिक स्रोतको दिगो उपभोगका लागि जीवनशैलीमा परिवर्तन ल्याई स्वच्छ र हरित मानवीय जीवन पद्दतिको विकास गर्ने कुरा आज प्रमुख चुनौतीको रूपमा रहेको बताइएको छ ।

सन्देशमा 'वातावरण संरक्षणको क्षेत्रमा हामीले अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीयस्तरमा विभिन्न नीति योजना तथा कार्यक्रमहरू निर्माण गरी तिनको कार्यान्वयनका लागि आवश्यक कानुन र संस्थागत संरचनाहरूसमेत निर्माण गरेका छौं । हाम्रा राष्ट्रिय प्रतिबद्धताहरू विभिन्न समयमा अभिव्यक्त भएका छन् । नेपाल आफैं ठूलो मात्रामा कार्बन उत्सर्जन गर्ने राष्ट्र नभएता पनि हाम्रा हिमालहरू पग्लने क्रम बढेको छ, पानीका मूलहरू सुक्दै गइरहेका छन्, हाम्रा नदी र प्राणवायुले प्रदूषणको शिकार हुनु परिरहेको छ । हाम्रोजस्तै अन्य पर्वतीय मुलुकहरूले भोग्नुपरेको सङ्कटको प्रवृत्ति उस्तै छ भने टापु राष्ट्रहरूले सम्भावित अस्तित्वको सङ्कट झेल्नु परिरहेको छ ।'

वातावरण अनुकूलनका कार्यक्रमहरूलाई प्रभावकारी ढङ्गले अगाडि बढाउनुका साथै शतप्रतिशत हरित वा स्वच्छ ऊर्जाको प्रयोग, विद्युतीय सरसामानको बहुउपयोग तथा इको यातायातको प्रवर्द्धनमा विशेष जोड दिन आवश्यक रहेको सन्देशमा भनिएको छ ।

त्यस्तै सन्देशमा हरेक परिवारले उत्सर्जन गर्ने कार्बन र अन्य हरितगृह ग्यासहरू कम गरेका खण्डमा सौर्यमण्डलको सजीव पिण्डका रूपमा रहेको हाम्रो पृथ्वीको पर्यावरण थप बिग्रनबाट रोकिने र मानव अस्तित्व सहजरूपले चलिरहने आशा गर्न सकिने र यसका लागि नगण्य कार्बन उत्सर्जन गर्ने नेपालजस्ता पर्वतीय राष्ट्रले टापु राष्ट्रहरूको समेत साझा आवाज निर्माण गरी अन्तर्राष्ट्रिय मञ्चहरूमा जवाफदेहिता र ठोस प्रतिबद्धताको अभियान चलाउन अत्यावश्यक भइसकेको छ । साथै वायु, जल र भूमि प्रदूषणबाट परिरहेको असरलाई कम गर्न नेपालले हासिल गरेका उपलब्धिलाई सुदृढ गर्नुका साथै विभिन्न द्विपक्षीय एवं बहुपक्षीय मञ्चहरूमा उठान गरेका विषय र व्यक्त गरेका प्रतिबद्धता कार्यान्वयन गर्न आजको दिनले थप उत्प्रेरणा दिनेछ भन्ने विश्स लिएको सन्देशमा उल्लेख गरिएको छ ।

राष्ट्रपति भण्डारीले वातावरण संरक्षणको गहन अभिभारा पूरा गर्ने काममा संलग्न सङ्घीय वन तथा वातावरण मन्त्रालय, पूर्वाधार विकासमा संलग्न मन्त्रालयहरू, प्रदेश तथा स्थानीय सरकार, सुरक्षा अङ्गहरू, स्थानीय समुदाय, विकास साझेदार एवं सम्बद्ध सबैलाई धन्यवाद दिँदै पृथ्वीको रक्षा गर्ने महान् लक्ष्यमा निरन्तर अघि बढ्न सबैमा आग्रह गरेकी छन् ।

# मनाइयो भोटो देखाउने जात्रा



दिपक घिमिरे/मध्यान्ह
ललितपुर, २१ जेठ

वर्षा र सहकालका देवताका रुपमा लिइने रातो मच्छिन्द्रनाथको भोटो देखाउने जात्रा शनिबार धुमधामका साथ मनाइएको छ।

विगतका दुई वर्षसम्म औपचारिकतामा मात्रै सीमित रहेको जात्रा कोरोनाको त्रास कम भएसँगै यस वर्ष भव्यताको साथ मनाइएको हो।

गत वैशाख २१ गतेदेखि शुरु भएको रथ जात्रा शनिबार भोटो देखाएसँगै यस वर्षको लागि जात्रा समापन गरिएको हो।

ललितपुर लगनखेलबाट जावलाखेल पुऱ्याइएको चौथो दिनको दिन भोटो देखाउने परम्पराअनुसार राष्ट्रपति विद्यादेवी भण्डारीको उपस्थितिमा ललितपुर जिल्ला गुठीका प्रमुख हरिप्रसाद सुवेदीले भोटो देखाएका थिए।

भोटोको अवलोकनसँगै राष्ट्रपति भण्डारीले कुमारीको हातबाट प्रसाद ग्रहण गरेकी थिइन्।

काठमाडौं उपत्यकाको सबैभन्दा लामो रातो मच्छिन्द्रनाथको जात्रा ललितपुरमा मात्रै नभई काठमाडौं उपत्यकावासीकै सहभागितामा धुमधामका साथ मनाइँदै आएको छ।

विगत दुई वर्ष कोभिड-१९ का कारणले जात्रा नियमितरूपमा सञ्चालन हुन नसकेकामा यस वर्ष उत्साहका साथ रथयात्रा सम्पन्न भएको गुठीका प्रमुख सुवेदीले बताए। स्थानीयवासी हर्षित र उत्साहितरूपमा नै सहभागी रहेको सुवेदीले बताए।

ज्योतिष दैवज्ञ कीर्तिमदन जोशीका अनुसार जावलाखेलको जात्रालाई सात गाउँको जात्रासमेत भन्ने गरिएको छ।

भोटो देखाउने काम सकिएसँगै देवतालाई बुङ्मती लगिएको छ। देवता वर्षमा झण्डै आधा-आधा समय पाटन र बुङ्मती रहने गर्छन्। जात्रा समापन भयसँगै उक्त ऐतिहासिक भोटोलाई बुङ्मतीमा सुरक्षा घेरा दिएर राखिने पनि प्रमुख सुवेदीले बताए।

मच्छिन्द्रनाथलाई पुल्चोकबाट तानेर पाटनका विभिन्न स्थान हुँदै जावलाखेलसम्मको यात्रालाई त्रिलोक भ्रमण भन्ने गरिन्छ।

यो रथयात्रालाई मच्छिन्द्रनाथको स्वर्गलोकको भ्रमणतुल्य मानिन्छ, ऐतिहासिक महत्व सुनाउँदै प्रमुख सुवेदीले भन्नुभयो। ललितपुरवासीले विशेष महत्वका साथ मनाउने जात्रामा परम्परादेखि नै काठमाडौं र भक्तपुरवासीको पनि सहभागिता रहँदै आएको छ।

## प्रवास डायरी
तिलु शर्मा पौडेल/मध्यान्ह

# काठमाडौं म्युजिकल ब्यान्ड कतारले मानव सेवा आश्रमलाई सहयोग गर्ने



काठमाडौं म्युजिकल ब्यान्ड कतारले नववर्ष लाइभ सांगीतिक धमाकालाई सफल बनाउन सहयोग गर्ने सहयोगी, कलाकार तथा संचारकर्मीलाई सम्मान गरेको छ। शुक्रबार साँझ एक कार्यक्रमकाबीच मानव सेवा आश्रम सहयोगार्थ आयोजना गरिएको इद विशेष कार्यक्रमका सहयागीहरुलाई सम्मान गरिएको हो।

ब्यान्डका अध्यक्ष नाजीर रहमानको अध्यक्षता तथा गैर आवासीय नेपाली संघ कतारका अध्यक्ष मोहमद मुक्तदाको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा बोल्दै मुसलमानले ब्यान्डले छोटो समयमा चर्चा बुटुल्न सफल भएको बताए। सहयोगी मनहरूलाई धेरैले बिर्सने ब्यान्डले स्मरणमा राखेर फरक कार्य गरेको बताए।

आयोजकका अनुसार मानव सेवा आश्रमलाई ५० हजार रुपैयाँ सहयोग पठाउने निर्णय भएको छ। 'कार्यक्रमबाट मनग्गे आम्दानी नभए पनि सेवाका लागि नाफाकै रकम प्रयोग गर्नु पर्छ भन्नेमा आफूहरू नरहेको ब्यान्डका संस्थापक रोशन अर्यालले मध्यान्हलाई बताए। छिट्टै उक्त रकम हस्तान्तरण गरिने उनले जानकारी दिए।

कार्यक्रममा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान कतार शाखा, स्याङ्जा सहयोग समाज कतार लगायतका विभिन्न संघ संस्था तथा कलाकारहरूलाई सम्मान गरिएको थियो।

यस्तै मध्यान्ह दैनिकका कतार संवाददातासहित फणीन्द्र प्रसाद सिटौला, सुरेश राना (बिराज भट्ट) सन्तोष बिक, दिपजंग शाह, कृष्ण पन्थी पदम गिरि लगायतका थुप्रै व्यक्तिहरू समेत सम्मान गरिएको आयोजकले जनाएको छ। कृष्ण ढकालले स्वागत मन्तव्य राखेको कार्यक्रमको सहजीकरण बिएच रानाले गरेका थिए भने कार्यक्रमको औपचारिक समापन सभाध्यक्ष रहमानले गरेका थिए।

# यमुनामाई कार्यपालिका सदस्यमा १२ जना निर्वाचित



सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, २१ जेठ।

रौतहटको यमुनामाई गाउँपालिका कार्यपालिका सदस्यमा १२ जना निर्वाचित बनेका छन्। एकीकृत समाजवादी ४, माओवादी केन्द्रका ३, नेपाली कांग्रेस र नेकपा एमालेका २/२ जना र लोसपाका १ जना गरी कार्यपालिका सदस्यमा १२ जना निर्वाचित बनेका १२ जना निर्वाचित भएको सहायक निर्वाचन अधिकृत रामश्रेष्ट यादवले जानकारी दिए। उनका अनुसार माओवादी केन्द्रका सिकिलिया देवी, ललिता देवी, रुपम देवी, दिपिया देवी रहेका छन्। यस्तै समाजवादीका शारदा देवी, सुनिला देवी, मिथलेस कुमार मुखिया रहेको छन् भने एमालेबाट गीता बैठा, सुगान्धी देवी, नेपाली कांग्रेसबाट निर्मला देवी, गुलशन खातुन र लोसपाका असना प्रविण रहेका सहायक निर्वाचन अधिकृत यादवले मध्यान्हलाई जानकारी दिए।

# नुवाकोट सेवा समाज कतारको नयाँ नेतृत्वमा लामा

'सेवा नै धर्म हो' भन्ने नारालाई आत्मसाथ गर्दै सन २००६ मा स्थापित नुवाकोट सेवा समाज कतारको सातौं अधिवेशन सम्पन्न भएको छ। समाजका अध्यक्ष विष्णु भण्डारीको अध्यक्षता तथा एनआरएनए एनसिसि कतारका प्रथम उपाध्यक्ष जैवी चाम्लिङ राईको प्रमुख आतिथ्यतामा अधिवेशन सम्पन्न भएको हो।

अधिवेशनको बन्द सत्रले दीपेन्द्र घले लामाको नेतृत्वमा २२ सदस्यीय नयाँ कार्यसमिति निर्विरोध चयन गरेको छ। अधिवेशनमा कतारमा स्थापित विभिन्न संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिको उपस्थिति रहेको थियो। थुप्रै वक्ताहरूले कार्यक्रममा शुभकामना मन्तव्य राख्दै समाजका गतिविधिको प्रशंसा गरेका थिए। वक्ताहरूले समाज प्रति सबै सकारात्मक भएर लाग्न समेत अनुरोध गरेका थिए। कार्यक्रममा बोल्दै प्रमुख अतिथि राईले कतारमा केही व्यक्तिहरूले तदर्थ समिति बनाउने घोषणा गरेकोमा आपत्ति प्रकट गर्दै यस्ता भ्रम र प्रचारमा नलाग्न सम्पूर्ण नेपाली समुदायमा आग्रह गरेका थिए।

नव निर्वाचित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा हिरे तामाङ, उपाध्यक्षमा नन्दराम सुवेदी, महिला उपाध्यक्षमा मीन कुमारी तामाङ, महासचिवमा विकास तामाङ, सचिवमा पूर्णमान तामाङ, महिला सचिवमा राधिका घले अधिकारी, कोषाध्यक्षमा हरिराम रिमाल, सह-कोषाध्यक्षमा डा. घले रहेका छन्। त्यस्तै कार्य समिति सदस्यहरूमा मिरा तामाङ, विवाराम तामाङ, शम्भु जमरकट्टेल, सन्त बहादुर तामाङ, वीर बहादुर तामाङ, मान बहादुर तामाङ, उज्ज्वल अधिकारी, सुरेश वाइबा, नवीन पुलामी मगर, सन्दीप वाइबा तामाङ र फुल बहादुर तामाङ रहेका छन्। कार्यसमितिको पूर्ण बैठकले थप ३ जना सदस्यहरू मनोनिंत गर्दै २५ सदस्यीय कार्यसमिति बनाइने नवनिर्वाचित अध्यक्ष लामाले मध्यान्हलाई जानकारी दिए। नवनिर्वाचित पदाधिकारीहरूलाई निर्वाचन समितिका संयोजक हरिराम खड्काले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए।

अधिवेशनमा कतारमा स्थापित विभिन्न संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिको उपस्थिति रहेको थियो। थुप्रै वक्ताहरूले कार्यक्रममा शुभकामना मन्तव्य राख्दै समाजका गतिविधिको प्रशंसा गरेका थिए। वक्ताहरूले समाजप्रति सबै सकारात्मक भएर लाग्न समेत अनुरोध गरेका थिए।

रामजी थापा मगर, धन भुजेल गौतम मोक्तान सूर्य बहादुर तामाङ, उत्तम तामाङ , असली माया योन्जन, इन्दिरा बुढाथोकी लगायतका कलाकारले आफ्नो साङ्गीतिक प्रस्तुतीले उपस्थितलाई मनोरञ्जन दिएका थिए। अधिवेशनमा समाजले गरेका गतिविधि सहितको कार्यपत्र विवरण महासचिव दीपेन्द्र घले लामा पेस गरेका थिए भने आर्थिक विवरण कोषाध्यक्ष नन्दराम सुवेदीले पेस गरेका थिए। सचिव विकास तामाङले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष भण्डारीले उपस्थित सम्पूर्ण व्यक्तित्वहरू र कार्यक्रमलाई सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याएका कलाकारहरू, सहयोगी दाताहरूलाई धन्यवाद व्यक्त गरेका थिए।

**पर्वत समाज कतारको वार्षिक साधारण सभा सम्पन्न**

पर्वत समाज कतारको वार्षिक साधारण सभा सम्पन्न भएको छ। 'निस्वार्थ सेवामा हाम्रो पर्वत राम्रो पर्वत' भन्ने मूल नाराका साथ सन् २००३ मा स्थापना भएको समाजले साङ्गीतिक कार्यक्रमसहित वार्षिक साधारण सभा सम्पन्न गरेको हो।

कार्यक्रममा प्रमुख अतिथिको मन्तव्य राख्दै गैर आवासीय नेपाली संघ (एनआरएनए) कतारका अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानले पर्वत समाज कतारको अग्रणी सामाजिक संस्था रहेको भन्दै संस्थाले गरेको सेवाको प्रशंसा गरेका थिए। एनसीसी कतारले गर्ने सम्पूर्ण कार्यमा पर्वत समाजले निरन्तर उत्कृष्ट सहकार्य गरेको बताउँदै आगामी दिनमा पनि निरन्तरता दिनुपर्ने बताए। कतारका केही व्यक्तिहरूले तदर्थ समिति बनाउने घोषणा गरेकोमा आपत्ति प्रकट गर्दै मुसलमानले आफ्नो नेतृत्वको (एनआरएनए) भएको र कतारका सम्पूर्ण निकायमा दर्ता भइसकेको संस्था भएकोले अनाधिकृत रूपमा नाम र लोगो प्रयोग गर्दा कतार सरकारले पनि कानूनी दायरामा ल्याउन सक्ने भन्दै सचेत गराए।

कतारमा रहेका विभिन्न वैचारिक, सामाजिक व्यक्तित्व, जिल्लावासी, कलाकार, खेलाडी तथा पत्रकार लगायतको बाक्लो उपस्थिति रहेको कार्यक्रममा विभिन्न वक्ताहरूले शुभकामना मन्तव्य राख्दै समाजको कार्यको प्रशंसा गरेका थिए। संस्थाको एक वर्षको प्रगति एवं आर्थिक प्रतिवेदन पेस गर्दै सचिव सेवक विकले विभिन्न आर्थिक अभियान सञ्चालन गरी ४ लाख ८ हजार ६ सय ८० रुपैयाँ मिर्गौला पीडित, क्यान्सर पीडित, बाढी पहिरो पीडितलाई हस्तान्तरण गरेको जनाए। साथै संस्थाले विभिन्न कार्यक्रमहरू सञ्चालन गरी करिब ९ हजार रियाल समाजमा मौज्दात रहेको उनले बताए।

कार्यक्रममा सुरेश बिसी, अमृत रसाइली, देव विश्वकर्मा, शान्ति वली, सन्ध्या अर्याल, कृष्ण परियार लगायतले साङ्गीतिक प्रस्तुति दिएका थिए। प्रथम उपाध्यक्ष तथा कार्यक्रम संयोजक सन्तोष क्षेत्रीले स्वागत मन्तव्य राखेका थिए। सचिव सेवक बिक र सह-सचिव रविन पुनले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै अध्यक्ष श्याम न्यौपानेले समाजले गरेका सामाजिक कार्यलाई आगामी दिनमा पनि निरन्तरता दिँदै सबैको साथ सहयोग लिएर संस्थाको गरिमा थप उचाइमा पुऱ्याउने बताए।

## कपिलवस्तु डायरी
माधव बेल्वासे/मध्यान्ह

# 'जातीय विभेद अन्त्य गर्न आवश्यक'



कपिलवस्तुको शिवराज नगरपालिकाका नगर प्रमुख अजय थापाले अहिलेको आधुनिक युगमा पनि जातीय विभेद हुनु अत्यन्तै दुखद विषय भएको बताएका छन्। जातीय विभेदलाई अन्त्य गर्नुपर्ने बताउँदै उनले कुनै पनि व्यक्तिलाई जातको आधारमा विभेद गर्ने अधिकार कसैलाई नभएको बताए। शिवराज नगरपालिका-५ चन्द्रौटामा जातीय छुवाछुत मुक्त राष्ट्र घोषणा दिवसको अवसरमा आयोजित जनप्रतिनिधिसँग स्थानीय योजना र कार्यक्रममा दलित सवाल सम्बोधन विषयक अन्तरक्रिया कार्यक्रममा उनले यस्तो बताएका हुन्।

मेयर थापाले दलित सशक्तीकरणका लागि नगरपालिकाले विभिन्न संघसंस्थासँग सहकार्य गर्ने र दलित समुदायको स्तर उन्नती हुने खालका कार्य योजना बनाएर अगाडि बढ्ने बताए। नगरभित्र जातीय विभेदका घटना भएमा तत्काल जानकारी गराउँन आग्रह गर्दै उनले त्यस्तो भए कारबाही गरिने बताए।

कार्यक्रममा दलित अधिकार निगरानी समिति कपिलवस्तुका अध्यक्ष मिना परियारले जातीय विभेद अन्त्यका लागि स्थानीय तहको भूमिका महत्वपूर्ण हुने बताइन्। जातीय विभेदलाई राज्यले दण्डनीय बनाएको आधा शताब्दी भन्दा बढी र छुवाछुत मुक्त राष्ट्र घोषणा भएको डेढ दशक भई सक्दा समेत अझै पनि कुवा, धारो, पधेरो छोइएको वा अन्तरजातीय प्रेम सम्बन्ध कै कारण दलितहरूको हत्या हुने गरेको बताइन्।

उनले सामाजिक रूपमा जरा गाडेर बसेको छुवाछुत र जातीय भेदभाव अन्त्यका लागि कानूनको प्रभावकारी कार्यान्वयन र विभेदकारी सोच परिवर्तन गर्न आवश्यक रहेको बताइन्।

स्थानीय योजना तर्जुमा प्रकृयामा दलित महिला, किशोरी तथा बालबालिकाको अर्थपूर्ण सहभागिता गराउनका लागि उनले आग्रह गरेकी छिन्। परियारले दलित समुदायका सवाल, विशेष गरी दलित महिला यौनिक तथा लैंगिक अल्पसंख्यक, किशोरी र बालबालिकाका सवालहरूलाई प्राथमिकता राखेर स्थानीय योजना निर्माण गर्नुपर्ने बताएकी छिन्।

शनिबार महिला रक्षक सञ्जाल कपिलवस्तु, दियालो नेपाल, दलित मानव अधिकार निगरानी समिति कपिलवस्तु र नमस्ते बाल बचाउ किशोरी अधिकार मञ्च कपिलवस्तुको संयुक्त आयोजना तथा ओरेक नेपालको सहयोग कार्यक्रम सम्पन्न भएको हो।

### लुम्बिनीका २१८ प्रमुख, उपप्रमुख कपिलवस्तुमा

# एक पालिका एक गौरवको योजना शुरु गर्न आग्रह




लुम्बिनी प्रदेशका १०९ पालिकाका २ सय १८ जना प्रमुख उपप्रमुख कपिलवस्तुमा भेला भएका छन्। लुम्बिनी प्रदेशले नवनिर्वाचित जनप्रतिनिधिहरूलाई बधाईसहित अन्तरक्रियाको लागि जमघट गराएको हो। शनिबार चन्द्रौटास्थित लुम्बिनी ग्रिन रिसोर्टमा भएको कार्यक्रम नवनिर्वाचित जनप्रतिनिधिहरूले प्रदेश सरकारको सहयोगमा स्थानीय सरकारले काम गर्ने बताएका छन्।

कार्यक्रमलाई सम्बोधन गर्दै लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुल प्रसाद केसीले प्रत्येक पालिकामा एउटा गौरवको योजना शुरु गर्न आग्रह गरेका छन्। अधिकांश पालिकाहरूमा नयाँ नेतृत्व आएको बताउँदै उनले नागरिकहरूको लागि कुनै न कुनै गौरवको योजना शुरु गर्नुपर्ने बताए।

'जनताले ठूलो आशा र भरोसा गरेर निर्वाचित गरेका छन्, जनताको आवश्यकताको आधारमा काम गर्नुहोस्,' केसीले भने, 'पालिकाका सकारात्मक काममा प्रदेश सरकारले सहयोग गर्न तयार छ।'

अबको केही समयमा प्रदेश र संघको निर्वाचन हुने भएकोले प्रदेश सरकारका अधुरा कामहरूलाई पूरा गर्न सरकार लागि परेको बताए। कानून निर्माणदेखि अन्य केही कामहरुलाई पूरा गर्न तत्पर रहेको बताउँदै मुख्यमन्त्री केसीले नागरिकहरूको मागलाई पूरा गर्ने तवरबाट पालिकाहरूले काम गर्नुपर्ने बताए। धेरै पालिकाहरूमा नयाँ अनुहारहरू आएकोले अवसर र चुनौतीलाई ध्यानमा राखेर काम गर्नुपर्ने बताए।

कार्यक्रममा प्रदेश प्रमुख अमिक शेरचनले संविधानले दिएको अधिकारलाई ध्यान दिँदै सहकार्य गरेर काम गर्नुपर्ने बताए। जनताको सेवा गर्नु नै जनप्रतिनिधिहरूको दायित्व रहेकोले तीन वटा सरकार मध्य जनताको घरदैलोको सरकार स्थानीय सरकार रहेको बताए। प्रमुख शेरचनले पालिकाहरूलाई समृद्ध बनाउन सकियो भने प्रदेश पनि समृद्ध हुनेमा जोड दिँदै जीवन स्तर परिवर्तन हुने गरी काम गर्न पालिकाका प्रमुख र उपप्रमुखहरूलाई आग्रह गरे। लुम्बिनी प्रदेशका सभामुख पूर्ण बहादुर घर्तीले जनताले दिएको मतलाई सम्मान गर्दै विकास र समृद्धमा सबै जनप्रतिनिधि लाग्नुपर्ने उनको भनाइ थियो।

जनताले विकास चाहेको र नवनिर्वाचित जनप्रतिनिधिहरूले त्यो चाहानालाई पुरा गर्ने दायित्व रहेको जिकिर गरे। अन्तरक्रिया कार्यक्रमलाई संघीयता विज्ञ तथा राष्ट्रिय सभा सदस्य खिमलाल देवकोटा र पूर्वराजदूत लिलामणि पौडेलले सहजीकरण गरेका थिए।


## डिभिजन वन कार्यालय भेरी

**बाबियाचौर, सुर्खेत**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सुचना प्रकाशित मिति : २०७९/०२/२२**

यस कार्यालयबाट मिति २०७८/११/२३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित इ-बिड मार्फत बोलपत्र आवहान सम्बन्धि सूचना अनुसार रितपूर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रहरु मध्य तपसिल बमोजिम बोलपत्रदाताको न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिस भइ आएकोले सार्बजनिक खरिद एन, २०६३ को दफा २७ को उपदफा २ र ३ र सोहि एनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने फर्म र ठेगाना | कबोल अंक (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| १ | DFOB/PPM/NCB/2078/079-04 | Construction of Administrative Building Office DFO Bheri | Majdur Construction Pvt. Ltd. Birendranagar Surkhet | २,६८,६५,५०९।९६ |

**कार्यालय प्रमुख**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२२ जेठ २०७९, आइतबार
5 June 2022, Sunday

## सम्पादकीय

# फोहोर व्यवस्थापनः आम दायित्व

प्रधानमन्त्री शेरबहादुर देउवाले संघ र प्रदेशको चुनाव आगामी कात्तिक–मंसिरमा हुने बताएका छन् । प्रधानमन्त्री देउवाले सत्ता गठबन्धनका दलहरूको बैठक राखेरै संघ र प्रदेशको चुनावबारे तयारी थालेका छन् । प्रधानमन्त्री निकट नेताहरूका अनुसार, सम्भवतः मंसिर दोस्रो साता संघ र प्रदेशको चुनाव हुनेछ । ०७४ मा पनि मंसिरमै चुनाव भएको थियो । त्यो बेला मंसिर १० र २१ गते गरी दुई चरणमा चुनाव भएको थियो । त्यो चुनाव पनि प्रधानमन्त्री देउवाले नै गराएका थिए । दुई तिहाइ नजिकको बहुमत वाम गठबन्धनले पाएपनि फेरि चुनाव भने देउवाले गराउँदैछन् । यसको अर्थ अबको राजनीतिक कोर्स अर्को चुनावतिर होमिनेछ । स्थानीय सरकारले भने नियमित काम शुरू गर्नेछन् । गएको ३० वैशाखमा सम्पन्न निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिले प्रतिबद्धता बमोजिम काम थालिसकेका छन् ।

जनप्रतिनिधिहरू मध्ये स्वतन्त्र उम्मेद्वारी दिएर मेयर बनेका बालेन्द्र शाह, हर्क साम्पाङहरूलाई बढी चासोका साथ हेरिएको छ । किनकि राजधानी महानगर काठमाडौंमा बालेन र धरान उपमहानगरमा साम्पाङले स्वतन्त्र उम्मेद्वारी दिएर पनि जितेका थिए । काठमाडौं महानगरको मेयर जितेका बालेनका हरेक दिनको गतिविधि आमचासोमा परेको देखिन्छ । यो स्वभाविक पनि हो । किनकि युवा उमेरका बालेनलाई ठूलो भरोसा सहित ठूलो मतान्तर सहित मतदाताले जिताएका छन् । बालेनले भने काठमाडौंको फोहोर व्यवस्थापनलाई प्राथमिकताका साथ अगाडि बढाका छन् । त्यसका निम्ति दुई पटक नुवाकोटको सिसडोल पुगिसकेका छन् ।

प्रारम्भिक प्रगतिविवरणको कुरा गर्ने हो भने बालेनलाई सफलता मिलिरहेको छैन । किनकि फोहोर व्यवस्थापन हुँदै आएको सिसडोलका स्थानीयले मेयर बालेनको पनि कुरा सुनेका छैनन् । वर्षौंदेखि फोहोरको दुगन्धले बाँच्नै कठिन परेको त्यहाँका स्थानीयको भनाइ छ । अहिले फोहोर लैजान नदिनुमा बालेनसँग आशा पनि लुकेको हुन सक्छ । राजधानी शहरकै फोहोर व्यवस्थापनको समस्यालाई दीर्घकालीन समाधानको खोजी गर्ने बताइरहेका बालेनलाई यतिबेला सिसडोलकै समस्या चुनौती बनेर आएको छ । बालेनलाई अनेक सुझाव दिनेहरू पनि देखिएका छन् । तर बालेन मेयर हुनु र आम अपेक्षा बढिरहेकै बेला फोहोर व्यवस्थापनको दीर्घकालीन समाधान गर्ने अवसर पनि हुन सक्छ । जसले सिसडोल र राजधानीबासी दुवैको समस्या एकसाथ हल गर्न सकियोस् । अतः वैज्ञानिक विधि अपनाएर दीर्घकालीन समाधानका निम्ति उचित परामर्श र सहयोग आम राजधानीबासीको हितमा छ । फोहोर व्यवस्थापन हेर्दा जति सामान्य देखिन्छ, उत्तिकै गम्भीर पनि हो ।

# मार्क्सवाद र भूमण्डलीकृत विश्व

*२०औँ शताब्दीमा समाजवादी खेमाले पुँजीवादी विश्वलाई थर्कमान बनाएको थियो । तर, जसरी मार्क्स/एंगेल्सले लेखेका थिए, त्यसरी मार्क्सवादको गोरेटो अघि बढ्न सकेन । कम्युनिस्ट पार्टीभित्रै हुर्किएका गैरकम्युनिस्ट चरित्रले कम्युनिस्ट आन्दोलनलाई विघटनको दिशातिर लगे र पुँजीवादीहरूसँग आत्मसमर्पण गराए ।*

अग्रलेख



● राजन तिमिल्सिना

जर्मन दार्शनिक कार्ल मार्क्स जन्मिएको २ सय ३ वर्ष पुगेको छ । उनी जन्मिएको करिब १ सय वर्षपछि सन् १९१७ मा रुसी समाजवादी क्रान्ति सम्पन्न भयो । उनले दिएको विश्व दृष्टिकोणबाट नै संसारभर ठूल-ठूला परिवर्तनकारी संघर्षहरू भए । कतिमा सर्वहारा वर्गको जीत भयो, कतिपयमा हारको सामना गर्नुपर्‍यो ।

रुसी समाजवादी क्रान्ति सम्पन्न भएपछि पूर्वी युरोपका धेरै देशहरूमा समाजवादी क्रान्तिको लहर नै चल्यो । जर्मनी (पूर्वी र पश्चिमी) विभाजित बन्यो । कोरिया आज पनि विभाजित अवस्थामा नै छ । आज विश्वमा केवल ४ वटा देशमा कम्युनिस्ट शासन व्यवस्था छ ।

विश्वका दर्जनभन्दा बढी देशमा कम्युनिस्ट पार्टी सत्ताको लुछाचुँडीमा मस्त छन् । तिनै कार्ल मार्क्सको विचारले संसारभर क्रान्तिको आँधी नै ल्यायो । तर, जसको विचारले क्रान्ति भयो, आज त्यही विचार कतिको प्रासङ्गिक छ ? भनेर चर्चा हुन्छ ।

१९ औँ शताब्दीमा जर्मन दार्शनिक कार्ल मार्क्सले धेरै लेखे । सर्वहारा वर्गीय विश्व दृष्टिकोणको निर्माणमा उनले एंगेल्ससँग मिलेर लेखेका २ कृति 'कम्युनिस्ट घोषणापत्र' र 'दास क्यापिटल'को महत्वपूर्ण भूमिका छ । यी कृतिले एक समय संसारका केही देश र करोडौँ जनतामा राजनीतिक र आर्थिकरूपमा निर्णायक असर पारे । रुसी क्रान्तिपछि सोभियत संघको उदय त्यसबेलाको एउटा उदाहरण थियो । रुसको अक्टोबर क्रान्तिपछि सन् १९१८ मा जर्मनी र फिनल्याण्डमा पुँजीवादी क्रान्ति सम्पन्न भयो । यसको प्रभावले अल्बानिया, हँगेरी, चेकोस्लाभाकिया, पोल्याण्ड, युगोस्लाभियामा क्रान्ति भयो । अष्ट्रिया, हँगेरी, पोल्याण्ड, जर्मनी, लातभिया, लिथुनिया, इस्टोनिया, अर्जेन्टिना जस्ता देशमा सशक्त कम्युनिस्ट पार्टीहरू निर्माण भए । यीबाहेक दर्जनौँ देशका करोडौँ जनता कम्युनिस्ट पार्टीमा गोलबन्द भए ।

२०औँ शताब्दीमा समाजवादी खेमाले पुँजीवादी विश्वलाई थर्कमान बनाएको थियो । तर, जसरी मार्क्स/एंगेल्सले लेखेका थिए, त्यसरी मार्क्सवादको गोरेटो अघि बढ्न सकेन । कम्युनिस्ट पार्टीभित्रै हुर्किएका गैरकम्युनिस्ट चरित्रले कम्युनिस्ट आन्दोलनलाई विघटनको दिशातिर लगे र पुँजीवादीहरूसँग आत्मसमर्पण गराए । अन्ततः समाजवादी खेमा शक्तिहीन र गतिहीन बन्न पुग्यो । विश्वमा पुनः पुँजीवादी दबदबा कायम भयो । समाजवादी/साम्यवादीहरूको आन्दोलन आज कुहिरोको काग जस्तै रुमल्लिन पुगे पनि कार्ल मार्क्सका विचारहरू आज पनि उत्तिकै सान्दर्भिक छन् ।

### राजनीतिक नीति तथा कार्यक्रम

'कम्युनिस्ट घोषणापत्र' र आफ्ना लेखमा मार्क्सले पुँजीवादी समाजमा 'वर्ग संघर्ष'को कुरा गरेका छन् । उनले कसरी अन्ततः संघर्षमा सर्वहारा वर्गले पूरै संसारमा बुर्जुवा वर्गलाई सत्ताबाट हटाएर समाजवादी/साम्यवादी राजनीतिक व्यवस्था स्थापना गर्छन् भन्नेबारेमा उल्लेख गरेका छन् ।

आफ्नो प्रसिद्ध पुस्तक 'दास क्यापिटल'मा उनले आफ्ना यी विचारलाई तथ्यपरक र वैज्ञानिक तरिकाले विश्लेषण गरेका छन् । उनको प्रतिष्ठित जीवनी लेख्ने बेलायती लेखक फ्रान्सिस ह्विनले भनेका छन्, 'मार्क्सले त्यो सर्वग्राही पुँजीवादका विरुद्ध दार्शनिक तरिकाले जुन तर्क अघि सारेका छन्, यसले पूरै मानव सभ्यतालाई आकर्षित गर्‍यो ।'

२०औँ शताब्दीमा मजदुरले रुस, चीन, क्युबा र अन्य देशमा जकडिएर रहेको सामन्ती राज्यसत्तलाई उखेलेर फाले र निजी सम्पत्ति र उत्पादनका साधनमाथि कब्जा जमाए । ब्रिटेनको स्कुल अफ इकोनोमिक्सका जर्मन इतिहासकार अलब्रेख्त रिसल भन्छन्, 'मार्क्स भूमण्डलीकरणको पहिलो आलोचक थिए । उनले संसारमा बढ्दै गएको असमानताप्रति त्यतिबेलै सचेत पारेका थिए ।'

सन् १९३० मा देखिएको विश्व्यापी महामन्दी, सन् २००७-०८ मा देखिएको वैश्विक मन्दीले उनको त्यो भनाइलाई झनै सान्दर्भिक पारेको छ । त्यसपछि विश्वमा बढ्दै गएको धनी र गरिबबीचको खाडल र कोरोना महामारीका कारण विश्वमा सिर्जना हुने आर्थिक विशृङ्खलताले उनको भनाइलाई एक पटक फेरि सोच्न बाध्य पार्नेछ ।



> विश्वमा पुनः पुँजीवादी दबदबा कायम हुन पुगेको छ । समाजवादी/साम्यवादीहरूको आन्दोलन आज कुहिरोको काग जस्तै रूमल्लिन पुगेको छ । तथापि, कार्ल मार्क्सका विचारहरू आज पनि उत्तिकै सान्दर्भिक छन् ।

### पुँजीवादी संकट

पुँजीवादी अर्थ व्यवस्थाका पिता एडम स्मिथको 'वेल्थ अफ नेसन'को ठीक उल्टो कार्ल मार्क्सले बजारलाई चलाउनमा कुनै अदृश्य शक्तिको भूमिका नहुने स्पष्ट पारेका थिए । उनले त्यतिबेलै आर्थिक मन्दी बारम्बार आउने र यसको कारण पुँजीवादमा निहीत रहेको बताएका थिए । मार्क्सले पुँजीवाद पूर्ण रूपमा समाप्त नभएसम्म यस्तो अवस्था कायमै रहने उल्लेख गरेका थिए । शेयर बजारमा सुरुवातीदेखि नै निरन्तर उतारचडाव भइरहेको थियो । सन् २००७-०८ मा निकै ठूलो झड्का व्यहोर्नुपर्‍यो । त्यसबेला संसारभरको अर्थ व्यवस्थामा अभूतपूर्व संकट आयो । त्यो सङ्कटको धेरै उद्योगमा भन्दा वित्तीय क्षेत्रमा अधिक असर पर्‍यो । भावी दिनमा यस्ता सङ्कट पुनः आइपर्ने निश्चित छ ।

### अकुत मुनाफा र पुँजीको एकाधिकार

कार्ल मार्क्सको सिद्धान्तको सबैभन्दा महत्वपूर्ण पाटो भनेको 'अतिरिक्त मूल्यको सिद्धान्त' हो । यो त्यो सिद्धान्त हो, जुन एक मजदुरले आफ्नो मजदुरीको मूल्यभन्दा थप मूल्य पैदा गर्छ । मार्क्सका अनुसार उत्पादनका साधनका मालिकले यो अतिरिक्त मूल्य लिन्छन् र सर्वहारा वर्गको मूल्यमाथि आफ्नो मुनाफालाई अधिकभन्दा अधिक बढाउनमा लाग्छन् ।

यसरी पुँजी केही स्थान र केही व्यक्तिको हातमा केन्द्रित हुन्छ र यसका कारण बेरोजगारी बढ्नुका साथै मजदुरीमा गिरावट आउँछ । यो अवस्था आज पनि विद्यमान छ । त्यसमाथि पनि उत्पादनमा मेसिनको प्रयोगले विश्वव्यापी रूपमा मजदुरमाथि थप सङ्कट आइलागेको छ र बेरोजगारी बढ्दै गएको छ । 'द इकोनोमिस्ट'को हालैको एक विश्लेषणअनुसार पछिल्लो २ दशकमा अमेरिका जस्ता देशमा मजदुरको तलब स्थिर भएको छ भने सरकारी अधिकारीको तलब ४० देखि १ सय १० गुणासम्म वृद्धि भएको छ ।

### भूमण्डलीकरण र चरम असमानता

मार्क्सले भनेका छन्, 'पुँजीवादले आफ्नो चिहान आफैँ खन्छ ।' यो अचम्म लाग्न सक्छ किनकि मार्क्सको भनाइको उल्टो यतिबेला विश्वमा समाजवाद र साम्यवाद मरणासन्न अवस्थामा छ भने पुँजीवाद सर्वव्यापी बनेको छ । तर, यो क्षणिक हो । पेरिस विश्वविद्यालयमा दर्शनशास्त्रका प्राध्यापक तथा मार्क्सवादी विचारक ज्याक्स र्‍यान्सिउर भन्छन्, 'क्रान्तिका कारण स्वतन्त्र भएका शोषित र गरिब मजदुरहरू भलै आत्महत्या गनुपर्ने अवस्थासम्म पुगे तर चीनको पैसाले नै अमेरिकी अर्थतन्त्र जिउँदो छ अन्यथा उनीहरूको अवस्था दयनीय हुने थियो ।'

मार्क्सले गरेको भविष्यवाणी भलै कतिपय समाजवादी/साम्यवादी खेमाभित्र लागू भएन । समाजवादी सत्ता चलाउनेहरूले गरेको गल्तीका कारण त्यहाँभित्र पुँजीवादी व्यवस्थामा जस्तै आर्थिक, सामाजिक विशृङ्खलता सिर्जना हुन पुग्यो । तर, मार्क्सले पुँजीवादी वैश्विक व्यवस्थाबारे गरेको आलोचनामा कुनै गल्ती गरेनन् । कम्युनिस्ट घोषणापत्रमा उनले पुँजीवादको वैश्वीकरण नै अन्तर्राष्ट्रिय अस्थिरताको मुख्य कारण बन्ने भविष्यवाणी गरेका छन् । २०औँ र २१औँ शताब्दीमा देखिएको विश्वव्यापी आर्थिक संकटले उनको भविष्यवाणीलाई सही साबित गरेको छ । यही कारण हो भूमण्डलीकरणको समस्याबारे हाल रहेका बहसमा पटक-पटक मार्क्सवादलाई उद्धत गर्ने गरिन्छ । समाजशास्त्रमा ज्यादै प्रचलित रहेको 'सोसल इन्जिनियरिङ' उनकै विचारबाट प्रेरित छ ।

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

युक्रेन युद्ध चर्किँदो र गहिरिँदो छ । सामरिक, आर्थिक र वित्तीय विश्व व्यवस्थामा ठुलो हेरफेर/उथलपुथल हुने लक्षण छ । भूराजनीतिक संवेदनशीलता भएको राष्ट्र नेपालले उत्ताउलो हुने छुट छैन । साथै सम्भाव्य संकटका लागि तयारी गर्नुपर्ने छ । तर दलहरू चुनावी दाउपेच मै व्यस्त छन् । सरकार बिन्दास छ !



**- कृष्ण घिमिरे**

राष्ट्रिय परिचयपत्र र राहदानीका लाइनबाट आजित जनतालाई बिनाप्रयोजनको इम्बोस्ड नम्बर लिन एकान्तकुना र बलम्बुमा कति सास्ती भोग्नु पर्ने हो ! यस्तो नम्बर चाहिएको छ किन, जब त्यसमा टाँस्ने चिप्स पढ्ने, मनिटर गर्ने डिभाइस र सीप पुलिमा छैन । कमिसनको खेलले निम्त्याएको अनर्गल अर्को हैरानी !



**- विनोद न्यौपाने**

हाम्रोमा कुहिने र नकुहिने फोहोर बेग्ला-बेग्लै राखिदिनु होला भन्ने सूचना वैशाख महिनाको रू. चार सय तिरे पछि पायौं । आजदेखि नै भान्सामा दुई डस्ट बिन प्लास्टिक हालेर राख्यौ । भान्साबाट आफ्नो चरित्र, प्रवृति बदल्न शुरू गर्‍यौं ! यहाँले गर्नु भो कि नाइँ ?



**- राजेन्द्र दाहाल**

पठाओ, इनड्राइभका धेरै जसो चालक राजधानीका ठाउँ-ठेगाना र नक्सा नेपालीमा लिपिमा भैदिने हो भने ग्राहक फेलापार्न धेरै सजिलो हुने ठान्छन् । अंग्रेजी लिपि तिनका लागि बाधक बनेको छ । इम्बोस्ड प्लेट पढ्न र सम्झन त दुरूह नै छ ।



**- कनणमणी दिक्षित**

देवनागरीमा नंबरप्लेट हुनुपर्छ, सडक सुरक्षा र चुस्त नियमनको लागि । समाजको बनोट र उत्पत्ति मुताबिक । देवनागरीमा इम्बोस हुन सक्दैन भन्ने होइन । बंगलादेशमा बांग्लामा नम्बरप्लेट हुन्छ । कुनै बेलाको कमिशनको चक्करको फलस्वरूप हो यो सब । र ध्यानपूर्वक राजकाज नगर्ने हाम्रो अठोट ।

**सन्दर्भ : विश्व वातावरण दिवस**

# पृथ्वीलाई कसरी जोगाउने ?

विचार



● निलिमा गुप्ता

हरेक वर्ष जुन ५ मा मनाइने विश्व पर्यावरण दिवसले वातावरण संरक्षण र दिगो जीवनमा सक्रिय सहभागिताको महत्वलाई जोड दिन्छ । मानिसहरूलाई उत्प्रेरित गर्नुको साथसाथै, संयुक्त राष्ट्र संघको सन्देशले उनीहरूलाई वातावरण संरक्षण किन महत्वपूर्ण छ भन्ने बारे पनि सिकाउँछ । सन् १९७२ मा भएको संयुक्त राष्ट्र संघको सम्मेलनमा सर्वप्रथम वातावरण संरक्षणको चिन्ता व्यक्त गरिएको थियो । स्थापना भएदेखि नै संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको नेतृत्वमा सन् १९७३ देखि हरेक वर्ष जुन ५ मा विश्व वातावरण दिवस मनाइँदै आएको छ र यस अभियानमा निरन्तर सक्रिय प्रयासको आवश्यकतामा जोड दिइएको छ ।

तथ्यांक हेर्दा, दैनिक ६ अर्ब फोहोर समुद्रमा फ्याँकिएको पाइएको छ । प्रत्येक ८ सेकेन्डमा एक बालबालिकाको प्रदूषित पानी पिउँदा मृत्यु हुने गरेको तथ्यांक छ । पछिल्लो ८ दशकमा २८ प्रतिशत वन फँडानी भएको छ । १ वर्षका लागि पुर्‍याउनुपर्ने पृथ्वीका स्रोतहरू ७ महिनामै खपत भइरहेका छन् । यो अवस्थाले प्रकृतिलाई हल्का रूपमा लिनु हाम्रो लागि घातक छ भन्ने देखाउँछ । यो लापरवाही मानिसको लागि मात्र होइन सम्पूर्ण सृष्टिको लागि खतरनाक छ । प्रकृतिका संकेतहरूलाई हल्का रूपमा नलिई पढ्नुपर्छ । हामीले सास फेर्ने हावा, हामीले पिउने पानी, हामीसम्म पुग्ने सूर्यका किरणहरू र हामीले दिनहुँ खाने खानेकुरा सबै वातावरणकै कारणले हुन्छन् । यस्तो अवस्थामा वातावरणको सम्मान र मूल्यहरु बुझ्नु जरुरी हुन्छ ।

पारिस्थितिकीका लागि जैविक विविधता मेरुदण्ड हो । जैविक विविधताको संरक्षण अत्यन्त जरुरी हुन्छ । सबै अस्तित्व एक अर्कासँग सम्बन्धित छ । जैविक विविधतामा नै पृथ्वीको अस्तित्व टिकेको हुनाले जैविक विविधताको हानिप्रति हामी सचेत हुनुपर्छ । पृथ्वीको निर्माणमा यसको महत्वपूर्ण भूमिका छ । पृथ्वीको स्रोत साधनको अन्यायपूर्ण दोहन रोक्न जरुरी छ ।

> *हामीले सास फेर्ने हावा, हामीले पिउने पानी, हामीसम्म पुग्ने सूर्यका किरणहरू र हामीले दिनहुँ खाने खानेकुरा सबै वातावरणकै कारणले हुन्छन् । यस्तो अवस्थामा वातावरणको सम्मान र मूल्यहरू बुझ्नु जरुरी हुन्छ ।*

विश्वका १५ सबैभन्दा प्रदूषित सहरको सूचीमा भारतको नाम पनि परेको छ । भारतमा झन्डै ७० करोड मानिस प्रदूषित हावामा बाँचिरहेका छन् भन्ने अध्ययनले देखाएको छ । कोरोना महामारीले जुन अवस्थामा ल्याएको छ, त्यो झनै चिन्ताजनक छ । एक रिपोर्टका अनुसार वायु प्रदुषणका कारण अकाल मृत्यु हुने गरेको रेकर्ड अहिलेसम्मकै उच्च छ । राष्ट्रका लागि राम्रो अर्थतन्त्र चाहिन्छ तर जनता स्वस्थ रहनु र स्वस्थ वातावरणमा बाँच्न पनि उत्तिकै आवश्यक छ । अर्थतन्त्र कहिल्यै प्रकृतिको विकल्प हुन सक्दैन भन्ने कुरा हामीले बुझ्नुपर्छ ।

अनियन्त्रित हरितगृह ग्यासको उत्कर्षन हाम्रो स्वास्थ्य र हाम्रो जीवनको लागि सबैभन्दा ठूलो जोखिम हो । हामीले जलवायु परिवर्तन निम्त्याउने हरितगृह ग्यासहरूको उत्सर्जन घटाएर प्रदूषण नियन्त्रणमा लिन सक्छौं । जलवायु परिवर्तनसँग सम्बन्धित स्वास्थ्य चेतावनीहरू बेवास्ता गर्न लायक कुरा होइनन् । विश्व स्वास्थ्य संगठनको एक अनुसन्धान अनुसार जलवायु परिवर्तनको असरका कारण वायुमण्डलमा गर्मी बढ्ने र कुपोषणमा वृद्धि हुने जनाएको छ । यसले २०३० र २०५० को बीचमा प्रति वर्ष लगभग २५०,००० को मृत्यु हुन सक्ने अनुमान गरिएको छ ।

आज इकोसिस्टम पुनर्स्थापना वैज्ञानिक र वातावरणीय क्षेत्रका विज्ञहरुको प्रमुख चिन्ताको विषय बनेको छ । इकोसिस्टमको पुनर्स्थापनामा, ध्वस्त पारिस्थितिक प्रणालीको पुनर्विकास र संरक्षण नै एक मात्र उपाय हो । जसबाट हामी अझै पनि यस दिशामा धेरै हासिल गर्न सक्छौं । समृद्ध जैविक विविधतासहितको स्वस्थ पारिस्थितिक प्रणाली, बढी उर्वर माटो, काठ र माछाको उच्च उत्पादन र हरितगृह ग्यासहरूको ठूलो भण्डार जस्ता उपायहरूले यस अभियानमा मद्दत गर्न सक्छन् । यसका साथै सक्रिय वृक्षारोपणले प्रकृति संरक्षणमा पनि मद्दत गर्नेछ ।

आध्यात्मीक रुपमा हेर्दा, इश्वरले हामीलाई एउटै धर्ती दिनुभएको छ, हामीले विविधता दियौं तर, विस्तारै हाम्रा सबै क्रियाकलापले शुद्ध प्रकृतिलाई बिगार्दै गएको छ । जैविक विविधता घट्दै गएको छ र मानिसले पृथ्वीमा प्रदूषणको बोझ निरन्तर बढाउँदै गएको छ । जमिन, पानी, हावाजस्ता सबै किसिमको प्रदूषणले विश्व नै त्रसित छ । आज वायु प्रदूषण, खराब फोहोर व्यवस्थापन, बढ्दो पानीको कमी, भूजल स्तरमा गिरावट, जल प्रदूषण, अन्धाधुन्ध वन फँडानी, जैविक विविधताको हानि र माटोको क्षय भारतका लागि प्रमुख पर्यावरणीय समस्याहरू हुन् ।

यी सबै बाहेक चक्रवात, भूकम्प र बाढी जस्ता वातावरणीय प्रकोपहरू छन् जुन पहिलेभन्दा धेरै भयावह छन् । यी सबैको सामना गर्न सारा विश्व एकजुट हुन आवश्यक छ । ठूला र साना सबै विधिहरू एकैसाथ, एउटै स्तरमा, विश्वव्यापी वातावरणीय समस्याहरू समाधान गर्न अपनाउनु पर्छ । घरायसी खानेपानी बचत गर्नेदेखि भिजेको र सुक्खा फोहोर छुट्याएर फोहोरमैला व्यवस्थापन गर्ने काम पनि सुरु गर्न सकिन्छ ।

वर्षाको पानी संकलन, प्लाष्टिकको बढ्दो प्रयोगलाई रोक्न, खाद्यान्नको बर्बादी रोक्न र पर्याप्त चेतना जगाउने, वातावरणीय क्लब आदि पनि महत्वपूर्ण उपायहरू साबित हुनेछन् । विश्वका देशहरूले आफ्नो कूटनीति, राजनीति र सीमा युद्धबाट माथि उठेर कम्तिमा मानव अस्तित्वको लागि विश्वव्यापी नीति अपनाउनुपर्छ, नत्र पृथ्वी कसरी बाँच्ने ?

*अमर उज्यालाबाट अनुवादित*

# विश्वभर मंकीपक्स संक्रमितको संख्या सात सय बढी



**काठमाडौं/एजेन्सी–** अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सीडीसी) ले शुक्रबार बताएअनुसार अमेरिकामा २१ सहित विश्वभर मंकीपक्स संक्रमितको संख्या ७०० भन्दा बढी पुगेको अमेरिकी अनुसन्धानले देखाएको छ। पछिल्लो समय मंकीपक्स अमेरिकामा पनि फैलिइरहेको बताइएको छ।

सीडीसी-को एउटा नयाँ रिपोर्टअनुसार पहिलो १७ वटा घटनामध्ये १६ जना समलिङ्गी पुरुषसँग योन सम्बन्ध राख्ने व्यक्ति रहेका र बाँकी १४ जना यात्रासित सम्बन्धित भएको प्रारम्भिक अनुसन्धानले देखाएको छ।

सबै बिरामीहरू निको भइसकेका छन् वा निको हुने क्रममा छन् तर कुनै पनि संक्रमितलाई जटिल स्वास्थ्य समस्या देखिएको छैन। सीडीसीको 'डिभिजन अफ हाई कन्सिक्वएन्स प्याथोजेन एण्ड प्याथोलोजी'का उप निर्देशक जेनिफर म्याकक्विस्टनले सञ्चारकर्मीसँग भने, 'संयुक्त राज्य अमेरिकामा पनि केही घटनाहरू देखिएका छन् जसबारे हामीलाई पूर्ण जानकारी छ।'

संयुक्त राज्य अमेरिकामा यात्रासम्बन्धी वा तिनीहरू कसरी संक्रमित बने भन्ने जानकारी नभएको एउटा पनि घटना नभएको उनले बताए। मंकीपक्स एक दुर्लभ रोग हो। यो बिफरसँग सम्बन्धित तर बिफरभन्दा कम गम्भीर रोग हो। यसले गर्दा अन्य लक्षणका साथै फैलने, ज्वरो आउने, चिलाउने र दुख्ने जस्ता लक्षण देखा पर्छन्।

साधारणतया पश्चिमी र मध्य अफ्रिकामा मात्र सीमित यो रोग (संक्रमण) मे देखि यूरोपमा पनि भेटिएको थियो। त्यसबेलादेखि प्रभावित देशहरूको संख्या बढेको छ। क्यानाडाले शुक्रबार पनि नयाँ तथ्यांक जारी गर्दै कूल ७७ जनामा संक्रमण भएको पुष्टि गरेको छ। तीमध्ये प्राय सबै क्युबेक प्रान्तमा पत्ता लागेका हुन र त्यहाँ नियन्त्रणका लागि खोपहरू वितरण गरिएका छन्।

यसको नयाँ फैलावट युरोपमा विशेष समलैंगिक पर्वहरूसँग सम्बन्धित हुन सक्ने भए तापनि मंकीपक्सलाई यौनजन्य रोग मानिएको छैन। यसको मुख्य जोखिम भनेको मंकीपक्स भएको व्यक्तिसँग छालादेखि छालाको नजिकको सम्पर्क हुनु हो। सबै घाउहरू सुकेर नयाँ छाला नबनेसम्म एक मानिसबाट अर्कोमा संक्रमण हुने सम्भावना रहन्छ।

# श्रीलंकालाई भारतद्वारा ३.३ टन स्वास्थ्य सामग्री प्रदान



**काठमाडौं/एजेन्सी–** भारतले श्रीलंकाका लागि अत्यावश्यक स्वास्थ्य सामग्री फेरि पठाइदिएको छ। 'छिमेकीलाई प्राथमिकता' भन्ने भारतको नीति अनुसार श्रीलंकालाई पुनः स्वास्थ्य सामग्री पठाइएको भारतीय अधिकारीले जनाएका छन्। आर्थिक संकटमा परेको श्रीलंकालाई सहयोगस्वरूप ३.३ टन अत्यावश्यक स्वास्थ्य सामग्री पठाइएको भारतको भनाइ छ।

कोलम्बोका लागि भारतीय उच्च आयुक्त गोपाल बग्लायले श्रीलंकाका प्रतिनिधिहरूलाई ती सामग्री शुक्रबार हस्तान्तरण गरेका हुन्। आर्थिक संकटका कारण स्वास्थ्य सामग्रीहरु किन्न नसकेका र देश भित्र पनि अत्यधिक मूल्य वृद्धि भएको लगायतका कारणले श्रीलंकाले स्वास्थ्य सामग्री उपलब्ध गराउन अन्य देशहरूसँग अनुरोध गरेको थियो। श्रीलंकाका नागरिकले पनि स्वास्थ्य सामग्रीको मूल्य वृद्धि र अभाव भएको भन्दै तत्काल त्यसको व्यवस्था गर्न माग गरेका थिए।

आर्थिक संकटका कारण बहुआयामिक संकटमा परेको श्रीलंकामा इन्धन, अमेरिकी डलर, खाद्य पदार्थलगायतका अन्य धेरै चिजको पनि अभाव भइरहेको छ। अत्यावश्यक परेका चिज भारतसहित धेरै देशले श्रीलंकालाई उपलब्ध गराउँदै आएका छन्। भारतले यसअघि पनि स्वास्थ्य सामग्रीलगायतका धेरै प्रकारका सहयोग उपलब्ध गराएको थियो। यी सामग्रीहरु उपलब्ध गराउने प्रतिबद्धता भारतले यसअघि नै गरेको थियो। 'हाम्रो प्रतिबद्धता अर्को पनि पुरा भएको छ, हामीले श्रीलंकालाई अत्यावश्यक परेको स्वास्थ्य सामग्रीहरु उपलब्ध गराएका छौं,' श्रीलंकास्थित भारतीय उच्च आयुक्तको कार्यालयले सामाजिक सञ्जालमा लेखेको छ।

# अस्ट्रेलियाली प्रधानमन्त्रीले इन्डोनेसिया भ्रमण गर्ने

**काठमाडौं/एजेन्सी–** अष्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बेनिजले दुई राष्ट्रबीच सम्बन्ध बढाउनका लागि आइतबारदेखि इन्डोनेसियाको भ्रमण गर्ने पुष्टि गरेका छन्। मे २१ मा भएको आम निर्वाचनमा आफ्नो लेबर पार्टी बिजय भएपछि अल्बेनिज विदेशमन्त्री पेनी वोङ, व्यापार मन्त्री डन फारेल र उद्योग मन्त्री एडि हुसिकसहित आइतबार इन्डोनेसियाको भ्रमण गर्न लागेका हुन्। इन्डोनेसियाका राष्ट्रपति जोको विडोडोसँग नेताहरूको नियमित वार्षिक भेटका लागि उनीहरू इन्डोनेसिया जाने भएका हुन्। तीन दिने यात्रा मुख्यतया दुई देशबीचको आर्थिक सम्बन्धमा केन्द्रित हुने बताइएको छ। सन् २०२० को प्रारम्भमा ऐतिहासिक इन्डोनेशिया-अस्ट्रेलिया व्यापक आर्थिक साझेदारी सम्झौता (आईए-सीईपीए) अनुमोदन भएपछि कोरोनाभाइरस महामारीको कारण कार्यान्वयनमा ल्याउन रोकिएको थियो।

निर्वाचन अभियानका क्रममा लेबर पार्टीले सरकार बनाएमा अल्बेनिजले इण्डोनेशियासँगको सम्बन्धलाई महत्व दिँदै अन्य मुलुकसँगको विदेश नीति लाई प्राथमिकता दिने प्रतिज्ञा गरेका थिए।

# पाकिस्तानको रक्षा बजेटमा ६ प्रतिशत वृद्धि



**काठमाडौं/एजेन्सी–** पाकिस्तान सरकारले देशको सशस्त्र बलहरूको महत्वपूर्ण आवश्यकता पूरा गर्नको लागि भन्दै यस आर्थिक वर्षको रक्षा बजेटमा लगभग ६ प्रतिशतले वृद्धि गरेको छ। यो सँगै यहाँको सैन्य बजेट १ दशमलव ४५ ट्रिलियन पाकिस्तानी रुपैयाँ पुगेको छ।

पाकिस्तानको आर्थिक समन्वय समितिका अनुसार सो बजेट बढ्दो पारिश्रमिक र अन्य प्रमुख आवश्यकताहरू पूरा गर्नका निम्ति भएको एक्सप्रेस ट्रिब्युन अखबारले उल्लेख गरेको छ। ट्रिब्युनको रिपोर्ट अनुसार पाकिस्तानको रक्षा मन्त्रालयले 'महत्त्वपूर्ण कमी' को लागि अतिरिक्त ८० बिलियन पाकिस्तानी रुपैयाँ रक्षा बजेट माग गरेको थियो। यसबाहेक, जिन्ना नौसेना बेस, नौसेना बेस तुर्बत र मुख्यालयमा बहु(कार्यकारी कार्यालय भवनमा खर्च गर्न थप गरिएको पनि जनाइएको छ।

अर्थमन्त्री मिफ्ताह इस्माइलले इसिसि बैठकको अध्यक्षता गर्दै जसले पाकिस्तानी सशस्त्र सेनाका लागि सो पूरक बजेट अनुमोदन गरेको हो। स्टकहोम इन्टरनेशनल पिस रिसर्च इन्स्टिच्युटका अनुसार सन् २०२१ मा विश्व सैन्य खर्च २ दशमलव १ ट्रिलियन अमेरिकी डलरको उच्चतामा पुगेको छ। अधिक सैन्य खर्च गर्ने प्रमुख तीन देशहरूमा संयुक्त राज्य अमेरिका, चीन र भारत रहेका छन्।

कुल विश्वव्यापी सैन्य खर्च सन् २०२१ मा शून्य दशमलव ७ प्रतिशतले बढेर २,११३ बिलियन अमेरिकी डलर पुगेको छ। सन् २०२१ मा रक्षा बजेटमा सबैभन्दा बढी खर्च गर्ने देशहरूमा अमेरिका, चीन, भारत, बेलायत र रुस थिए। जुन कुल खर्चको ६२ प्रतिशत हो।

कोभिड १९ महामारीको आर्थिक नतिजाको बीचमा पनि विश्व सैन्य खर्च बढ्दो रहेको सैन्य खर्च तथा हतियार उत्पादन कार्यक्रमका वरिष्ठ अनुसन्धानकर्ता डा डिएगो लोपेज दा सिल्भाले बताएका छन्। 'मुद्रास्फीतिका कारण वास्तविक अवधिको वृद्धि दरमा मन्दी आएको थियो तर सैन्य खर्च ६ दशमलव १ प्रतिशतले बढेको पाइएको छ।'

कोभिड १९ महामारीको परिणामस्वरुप, रक्षा खर्च विश्वव्यापी कूल ग्राहस्थ उत्पादनको २ दशमलव २ प्रतिशत थियो जबकि सन् २०२० मा यो संख्या २ दशमलव ३ प्रतिशतमा पुगेको थियो।

स्टकहोमस्थित इन्स्टिच्युटका अनुसार भारतको सैन्य खर्च ७६ दशमलव ६ बिलियन अमेरिकी डलर विश्वमा तेस्रो उच्च हो। यो २०२० को तुलनामा शून्य दशमलव ९ प्रतिशत र २०१२ को तुलनामा ३३ प्रतिशतले बढेको थियो।

# भारतमा तीन महिनायताकै उच्च संक्रमित फेला



**काठमाडौं/एजेन्सी–** भारतमा फेरि कोभिड संक्रमित बढेका छन्। तीन महिनामा पहिलो पटक ठूलो संख्यामा संक्रमित थपिएका हुन्। शुक्रबार एकै दिन ४ हजार ४१ जना नयाँ संक्रमित भेटिएका केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ। यो ११ मार्च पछिकै सबैभन्दा धेरै संख्या हो।

महामारी शुरु भएपछि भारतमा अहिलेसम्म कोभिडबाट ५ लाख २४ हजार ६५१ जनाको मृत्यु भइसकेको छ। तर, कोभिडबाट मृत्यु हुनेको संख्या सरकारले सार्वजनिक गरेको तथ्यांकभन्दा बढी भएको विश्व स्वास्थ्य संगठनले जनाएको छ।

यसअघि कोभिडको हटस्पट बनेको महाराष्ट्रमा संक्रमित बढेका छन्। बढ्दो संक्रमण नियन्त्रण गर्न केन्द्रिय स्वास्थ्य मन्त्रालयले महाराष्ट्र, केरला, तेलंगना, कर्नाटक र तमिल नाडु राज्य सरकारलाई पत्राचार गरेको छ।

भारतमा हालसम्म ८५ करोड १७ लाखभन्दा बढीको कोभिड परीक्षण गरिएको छ। कोभिड संक्रमितको संख्या बढेपछि भारत सरकारले सन् २०२१ को जनवरीदेखि खोप अभियान सुरु गरेको थियो।

## ZERO COST RECRUITMENT IN MALAYSIA!!
## मलेशियामा शुन्य लागतको रोजगार !!

Free Visa, Free Ticket, Free Service Charge,Free Medical,Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, फ्रि राहदानी र निःशुल्क यातायात, आवास र खाना (छनौट पस्चात)

(Company Name) : LATEXX MANUFACTURING SDN .BHD. MALAYSIA, PERAK
रोजगारदाता कम्पनी : लेटेक्स म्यानफ्याक्चरिङ एसडिएन. बिएचडी. मलेसिया, पेरक

| पूर्व स्वीकृत मितिः २०७९/०२/२० | चलानी नं.: ६०१८०३२८ | एल टी नं.: २६४१६६ |
|---|---|---|
| Pre Approval Date: 2022/06/03 | Consignment No.: 60180328 | L.T. No.: 264166 |

| सि. नं S. N. | Post of Foreign Migrating Worker's कामदारको पद | Total No Of Demand माग संख्या: Male पुरुष | Female महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब: MYR रिङ्गिट | NPR ने.रु. | Over time ओभरटाइम सुविधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves बार्षिक बिदा | Food Facility खाना सुबिधा | Accomodation Facility बस्ने सुबिध | Contract Period करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker औद्योगिक कामदार | 140 १४० | 0 | Proficient in reading, writing and speaking English दक्ष अंग्रेजी पढ्न, लेख्न र बोल्न सक्ने | 1500 १५०० | 42,315 ४२,३१५ | As per the company rules कम्पनीको नियम अनुसार | 8 Hours ८ घण्टा | 6 Days ६ दिन | As per the company rules कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years दुई वर्ष |

| Domestic medical expenses borne by whom and how much does it Cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने | Abroad Medical Cost borne by बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने | Domestic Foreign terminal Life insurance borne by whom and how much does it cost स्वदेशमा गरिने म्यादी जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the Premium Cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air Fare will Borne by whom and how much does it cost कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | Visa Fee will be borne by भिषा शुल्क कस्ले ब्यहोर्ने | Visa Stamping Cost will be borne by भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने | Cost of Orientation and borne by अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने | Management of Welfare Fund कल्याणकारी कोष सम्बन्धी ब्यवस्था | Rate Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer: (1)Age 18 to 35 : NPR 3708/-, (2) Age 36 to 50 : NPR 4931/-, (3) Age 51 to 64 : NPR 9463/- रोजगारदाताले ब्यहोर्ने : (१) उमेर १८ देखि ३५: ने.रु.३७०८।–, (२) उमेर ३६ देखि ५०: ने.रु.४९३१।–, (३) उमेर ५१ देखि ६४: ने.रु.९४६३।– | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | NPR 700/- By the Employer ने.रु.७००।– रोजगार दाताले ब्यहोर्ने | NPR 1500/- By the Employer ने.रु.१५००।– रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने |

LATEXX MANUFACTURING SDN. BHD. doesn't impose any Recruitment/Placement Fee for this employment.
लेटेक्स म्यानफ्याक्चरिङ एसडिएन. बिएचडीले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागू गर्ने छैन।

Note (नोट):
☒ आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं। आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन।
☒ Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment.
☒ प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन्।
☒ Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview.

Pre interview will be conducted till 14th June 2022 only in office Premises.
प्रि–अन्तर्वार्ता मिति २०७९ जेष्ठ ३१ गते मात्र मेनपावर कार्यालय परिसरमा हुनेछ।
Final Interview will be conducted on 16 & 17 June 2022 in Kathmandu.
फाइनल अन्तर्वार्ता मिति २०७९ असार २ र ३ गते मेनपावर कार्यालय परिसरमा हुनेछ।

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी Information provided by the Department of Foreign Employment(DOFE) :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 1.Confirm that visa is issued under your name २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। 4.Before going abroad orientation or induction training should be attended compulsorily ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same ६.काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 6.While going abroad use International Airport of Nepal or else you might be deceived ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला। 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

*Aakarshan International Pvt.Ltd. is committed to abide laws and principle guidelines of "ZERO COST " and "ETHICAL SOURCING/RECRUITMENT" providing equal opportunities treating fairly with the dignity in transparent way.
आकर्षण ईन्टरनेशनल प्रा.लि. ले "शून्य लागत" र "नैतिक स्रोत र भर्ती" को कानुनी सिदान्तलाई पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागि प्रतिबद्ध छ।

बैदेशिक रोजगारको लागि हाम्रो संस्थाले गर्दै आएको प्रकृयाहरु (दर्ता, छनौट, उडान) लगायत हाम्रो कार्य सम्पादन उपर कुनै गुनासो अथवा अन्य समस्याको अनुभुती गर्नु भएमा हामीलाई ईमेल grievancereporting@aakarshannepal.org मा सिधा सम्पर्क गरी अथवा हाम्रो कार्यालयको सुझाव पेटिका मार्फत समेत प्रत्यक्ष वा अप्रत्यक्ष दर्ता गर्न सक्नुहुनेछ। गुनासोकर्ताको परिचय गोप्य राख्ने प्रतिवद्धताका साथ छिटो भन्दा छिटो तपाईहरुको गुनासो हरुलाई सम्बोधन गर्नेछौं।
Any grievance regarding our services on foreign employment process (Registration, selection, flight, etc.), please let us know emailing us at grievancereporting@aakrashannepal.org, or can be register complaint directly or indirectly by dropping in our suggestion box. We committed to keep identity anonymous and handel your concerns as soonest possible.

Govt. Lic. No.: 609/062/063
AAKARSHAN INTERNATIONAL PVT. LTD.
Aakarshan Building, Shambhu Marga (Near Airport), Katmandu, Nepal
Email: publicrelation@aakarshannepal.org | web: www.aakarshannepal.org
Contact No.: 01-4498701, 01-4474178

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मिति २०७९/०२/२२)

लाल सि गुरुङको छोरी, धादिङ जिल्ला, बसेरी गा.पा. वडा नं ०२ (हाल धादिङ जिल्ला, बसेरी गा.वि स. वडा नं ०२ (ना.प्र.नं. २/४७०, जि.प्र.का. धादिङ) ले यस बैंकको गजुरी शाखामा वचत खाता नं.०३००९५१७०६९०००११ संचालन गर्दै आउनु भएकोमा, निज खातावाला **रती गुरुङ**को मिति २०७९/०१/२० मा निधन भएकोले यस बैंकमा रहेको वचत खाताको रकम भुक्तानी पाउँ भनी निज मृतकका छोरी नाताका श्रीमती लाल माया श्रेष्ठ मिति २०७९/०२/१२ मा निवेदन गरेको हुँदा यस बैंकमा रहेको उल्लेखित वचत खातामा भएको रकममा अरु कसैको हकदावी भए "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा १११ (२) बमोजिम अग्राधिकारवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आ–आफ्नो भएको सबुद प्रमाण सहित यस बैंकमा हकदावी गर्न आउनु होला। अन्यथा निवेदकको माग दावी बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, गजुरी, धादिङ

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मिति २०७९/०२/२२)

राम सुरत चौधरीको नाती, हेमन्त बृजमोहन चौधरीको छोरा, मधेस प्रदेश, बारा जिल्ला, उपमहानगरपालिका वडा नं. ३, बस्ने उमाकान्त चौधरी (ना.प्र.नं. ३३२१०१/४५७६७, जि.प्र.का. बारा) ले यस बैंकको सिमरा शाखामा बचत खाता नं. १०६१५२४४२५९०००११ संचालन गर्दै आउनु भएकोमा, निज खातावाला उमाकान्त चौधरीको मिति २०७८/०९/०३ मा निधन भएकोले यस बैंकमा रहेको बचत खाताको रकम भुक्तानी पाउँ भनी निज मृतकका बाबु बृजमोहन चौधरी मिति २०७८/०९/१९ मा निवेदन गरेको हुँदा यस बैंकमा रहेको उल्लेखित बचत खातामा भएको रकममा अरु कसैको हकदावी भए "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा १११ (२) बमोजिम अग्राधिकारवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आ–आफ्नो भएको सबुद प्रमाण सहित यस बैंकमा हकदावी गर्न आउनु होला। अन्यथा निवेदकको माग दावी बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, सिमरा

## यूएईमा रोजगार | कम्पनीः SECRET BODYGUARD SECURITY SERVICES
शहरः UAE

पूर्व स्वीकृत मितिः २०७९/०२/१२ चलानी नं.: ६०१८०३७६ LT. No.:264345

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security | 30 | 0 | स. काममा दक्ष | 1200 | ४०,४७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २६ र २७ गते (9 &10 June 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Govt. Lic. No.: 341/059/060
त्रिवेणी ओभरसिज कन्सर्न प्रा. लि.
पो.ब.नं.: २३४८९, रिङ्गरोड बसुन्धारा–३, काठमाडौं। फोन नं.: ०१-४९८७६०२, ४९८७६०३,
Mobile: 9806930601,9841996571,9841996572,9841996573
Email : Info@trivenioverseas.com, trivenioverseas.nepal@gmail.com Web:www.trivenioverseas.com

## कतारमा रोजगार | कम्पनीः DANEM ENGINEERING WORKS
शहर : Qatar

पूर्व स्वीकृत मितिः २०७८/०३/२९ चलानी नं.: ६०१६०१२२ LT. No.: 242321 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३७,३१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Instal Technician | 9 | 0 | | 1100 | ३७,३१२ | | | | | | | |
| 3. | Maint Technician | 10 | 0 | | 1100 | ३७,३१२ | | | | | | | |
| 4. | Driver | 4 | 0 | | 1700 | ५७,६६४ | | | | | | | |
| 5. | Mason | 3 | 0 | | 1100 | ३७,३१२ | | | | | | | |

अन्तर्वार्ता लण्डन होटेल इटहरी, सुनसरीमा २०७९ जेठ २९ र ३० गते (12 & 13 June 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

श्रम इजाजत नं. ३९६/०६०/०६१
सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (सगुन होम)
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिकास्थान-३२, फोन : ४४१७५३०, ४४४०१४६, ४४१८५३२ इटहरी सम्पर्क: ०२५५८०५०१, ९८४२१५७००६
E-mail: sagunosp@wlink.com.np |sagun@mail.com.np

## UAE मा रोजगार | कम्पनीः SANED FACILITY MANAGEMENT L.L.C.
शहरः UAE

पूर्व स्वीकृत मितिः २०७८/११/२२ चलानी नं.: ६०१७५४६४ LT. No.: 259125 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 50 | 50 | सम्बन्धित काममा दक्ष | 800 | २६,९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 150 | 50 | | 1600 | ५३,९६८ | | | | | | | |

फाईनल अन्तर्वाता मेनपावर कार्यालय, काठमाडौमा २०७९ जेठ २९ गते (12 June 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सद्रग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

श्रम इजाजत नं.: ३९७/०६०/०६१
फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोनः ०१-४३६०५७६, ४३५०७१९
Mobile: 9810101810, 9851100426 Email: futurestarmp397@gmail.com

# बक्स अफिस समाचार

# 'निर्लज्ज र निर्दयी राज्यबाट केही अपेक्षा छैन'



**लक्ष्मण शेष**, संगीतकार

नेपाली गीतसंगीतको क्षेत्रमा पृथक पहिचान बनाउन सफल लक्ष्मण शेष अहिले पनि कस्तो गीत बनाउँदा स्रोता रुचीको हुन सक्छ भन्ने कुरामा चिन्तित रहन्छन् । नेपाली चलचित्र 'सिन्दुर पोते'मा संगीत भरेर एकाएक सांगीतिक क्षेत्रमा चर्चामा आएका संगीतकार लक्ष्मण शेषले सय भन्दा बढी चलचित्रमा संगीत भरिसकेका छन् । हेटौंडाका स्थानीय बासिन्दा शेष गीति लेखनमा पनि त्यतिकै सिपालु छन् । हेटौंडामा रहेको सुस्केरा क्लबमा ६ वर्ष लगातार संगीतको अभ्यास गरेका संगीतकार शेषका दर्जनौं सफल गीतहरु अहिले पनि स्रोताहरुको माग हुने गरेको छ । उनको संगीत सिर्जना रहेको मिठो बोलीमा, नघुमाऊ नजर, नहेर कर्केर, नबोल है मायाले ओर्केर फर्केर, परदेशी लोभिन्छ नीलो चोलीमा भन्ने गीत एकदमै चर्चित रहे । त्यस्तै चलचित्र 'आफन्त'मा समावेश सबै गीत चर्चित भएका थिए । जस्तै सुख पनि जिन्दगी, पाउजुको छमछम, मनै रहेछ, आँखैले हेऱ्यो लौ न आदि पर्दछन् । महाकवि लक्ष्मीप्रसाद देवकोटाको कृति 'मुनामदन'माथि बनेको चलचित्रमा समेत संगीत भरेका उनले ५० भन्दा बढी टेलिफिल्म तथा ५०० भन्दा धेरै फुटकर गीतमा संगीत भरिसकेका छन् । संगीतकार संघका निवर्तमान अध्यक्षसमेत रहेका सरल स्वभावका संगीतकार **लक्ष्मण शेष**ले **मध्यान्ह दैनिक**का लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :

**पछिल्लो गीतसंगीतको अवस्थालाई कसरी हेरिरहनु भएको छ ?**

अधिकांश गीत संगीत अश्लिल, फेसनेवल र बढी टेक्निकलमात्र हुने गरेको छ ।

**रोयल्टी र प्रतिलिपिको विषयमा चर्को आवाज उठ्ने गरेको पाइन्छ, व्यवहारमा उतार्न नसक्नुको कारण ?**

श्रष्टाका नेता भनाउँदाहरु नै रोयल्टी र श्रष्टा अधिकारका नाममा बेइमान, भ्रष्टाचारी र संगीत माफियाका दलाल हुनुको कारण यस्ता विषयहरु भाषणमा मात्र सीमित हुन पुगेको हो ।

**इन्टरनेटको माध्यमबाट प्रयोग हुने सांगीतिक रचनाको अधिकारबारे तपाईंको धारणा ?**

जुनसुकै माध्यमबाट गीत संगीतको प्रयोग गरिए पनि रोयल्टी र प्रतिलिपि अधिकार जस्ता विषय श्रष्टाका सार्वभौम र मौलिक अधिकार हुन्, उनीहरुको सिर्जना प्रयोग भए बापतको एक एक सुका पनि उनीहरुले जस्ताको त्यस्तै पाउनुपर्छ ।

**बौद्धिक सम्पत्तिको अवधारणा र यसको संरक्षणको महत्वबारे श्रष्टाहरु कत्तिको जागरुक छन् ?**

बौद्धिक सम्पत्तिमाथिको हक श्रष्टाहरुको मौलिक हक हो र यसलाई वर्तमान संविधानको धारा २५ अन्तर्गत संरक्षण गरिएको छ । अधिकांश श्रष्टाहरुलाई यसबारे थाहै छैन र थाहा पाउनेहरुले पनि शुभ्क पचाएर यसलाई कानूनी प्रयोग गर्न चाहिरहेका छैनन् ।

**सिर्जनाको कपिराइटलाई लिएर विवाद भइरहनुको कारण ?**

केही मुट्ठीभर संगीत माफियाहरुले दशकौंदेखि हजारौं नेपाली गीत संगीत माथि आफ्नो अवैधानिक स्वामित्व दाबी गर्दै फोकटमा करोडौं आर्जन गरिरहेका थिए । पछिल्लो समय केही सचेत श्रष्टाहरुले यस विषयलाई महत्वका साथ अभियानका रुपमा अगाडि बढाएको हुनाले विवाद जस्तो देखिएको हो । यो अझै तीव्र गतिमा उजुरी, मुद्दा र आन्दोलन हुँदै परिणाममुखी कारबाहीमा परिणत हुनुपर्छ भन्ने हाम्रो धारणा हो ।

**प्रविधिको सुविधाले गर्दा सिर्जनामा आलस्यता आएको हो ?**

साधना बिना सिर्जना हुनै सक्दैन, प्रविधिले सिर्जनाहरुलाई प्रस्तुत गर्न सरल बनाउने मात्र हो ।

अडियो क्यासेट वा सिडिबाट हुने आर्थिक लाभको विकल्प केले परिपुर्ति गरिरहेको पाउनु हुन्छ ?

इन्टरनेटका माध्यमबाट सुलभ हुने विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय डिजिटल पोर्टल वा प्लाटफर्महरुबाट ।

**गीतसंगीत उत्पादक, वितरक कम्पनीहरुले श्रष्टाको उचित मूल्यांकन गरिरहेको छ जस्तो लाग्छ ?**

शोषण, अपमान र अन्याय मात्र ।

**नेपाली संगीतलाई विश्वव्यापी बनाउन राज्यबाट कस्तो अपेक्षा गर्नु हुन्छ ?**

निर्लज्ज र निर्दयी राज्यबाट केही अपेक्षा छैन ।

**चलचित्र र अन्य गीतको संगीत सिर्जनामा के भिन्नता पाउनु हुन्छ ?**

आजकल सबै भद्रगोल नै सुनिन्छ । तर पनि कुनै कुनै स्वतन्त्र गीत संगीतहरु स्वाभाविक र मौलिक सुनिन्छन् भने चलचित्रका गीत संगीतहरु प्रायः अलि नाटकीय ।

**संगीतकार संघको अध्यक्ष रहिसक्नु भएको छ, तपाईंको कार्यकालमा भएका उल्लेखनीय काम र चाहेर पनि गर्न नसक्नु भएको कामको बारेमा सम्झनु पर्दा ?**

समग्र श्रष्टा जगतका हित र समग्र संगीत क्षेत्रका उन्नतिका लागि मेरो कार्यकालमा जन्मिएका सपनाहरु, केही गर्न अघि सारिएका योजनाहरु र तुहिएका अभियानहरुका बारेमा सम्झिएर रुन मन लाग्छ, एक दिन हामी छुट्टै बसौंला ।

> पछिल्लो समय केही सचेत श्रष्टाहरुले यस विषयलाई महत्वका साथ अभियानका रुपमा अगाडि बढाएको हुनाले विवाद जस्तो देखिएको हो । यो अझै तीव्र गतिमा उजुरी, मुद्दा र आन्दोलन हुँदै परिणाममुखी कारबाहीमा परिणत हुनुपर्छ भन्ने हाम्रो धारणा हो ।



**पछिल्लो पुस्ताले नेपाली गीतसंगीतलाई नरुचाउनुको कारण ?**

सिर्जना, भाव र कला भन्दा कस्मेटिक र यान्त्रिक भएको कारण ।

**समग्र गीतसंगीतको उत्थान र विकासका लागि तपाईंको विचारमा के गर्नुपर्ला ?**

विगत १० वर्षदेखि यस क्षेत्रको उत्थान र विकासका लागि धेरै खालको प्रयास गरेर हेरियो, केही लागेन । अब सत्य, इमान्दार र असल श्रष्टाहरुले साँच्चिकै एकताबद्ध भएर बलिदान नै दिने गरी एउटा भूमिगत सांगीतिक क्रान्तिको अभियान चलाउनु पर्छ कि जस्तो लागिरहेको छ ।

## 'शमशेर'बाट निर्देशनमा डेब्यू गर्दै मनिष



**काठमाडौं/मस–** 'शमशेर'बाट अभिनेता मनिष राउतले निर्देशनमा डेब्यू गर्ने भएका छन् । फिल्मको मुख्य भूमिकामाअभिनय समेत उनले गर्दैछन् । यस्तै फिल्मको कलाकारमा अभिनेता सुनित थापा पनि थपिएका छन् । ओस्कार कलेजबाट फिल्म निर्माणमा ब्याचलर गरेका मनिष अहिले एभरेष्ट एकेडेमीमा प्रशिक्षकको रुपमा काम गरिरकेका छन् ।

'शमशेर'को स्कृप्ट राम्रो भएकाले पनि आफूले निर्देशनमा डेब्यु गर्न लागेका अभिनेता राउतले बताए । आगामी दिनमा अभिनय र निर्देशनलाई समानन्तर रुपमा अगाडी बढाउने सोचमा राउत छन् । हाल फिल्मको अभिनेत्री छनोट कार्य भैरहेकोले छायांकन मिति तय भएका छैन् ।

अभिनेत्री छनोट भएसँगै वर्कसप गरेर छायांकन सुरु गरिने अभिनेता राउतले बताए । फिल्ममा गौरव पहारी, हिमेश पन्त, सुमन गौतम, दिपक कोइराला, सुमन थापा, सबिन शाक्य, रुपेश कार्की, रुपेश लामा, आशिस पराजुली लगायतका कलाकारको पनि अभिनय रहनेछ ।

एक्सन जनरामा निर्माण गरिने फिल्ममा एभरेष्ट एकेडेमी र डी आर डेनिमको लगानी रहनेछ । फिल्मको छायांकन काठमाडौं, दुबई, सोलुखुम्बु र ढोरपाटनमा गरिनेछ । सीबड्र्स इन्टरटेनमेन्ट र धिरज प्रोडक्सनको सहकार्य रहने फिल्ममा राकेश दाहाल पोस्टर डिजाइनरका रुपमा रहेका छन् ।

## शंकर थापाको 'मेरी सानी के गर्दै होलीन्'



**काठमाडौं/मस–** कयौं हिट गीत दिइसकेका संगीतकार शंकर थापा स्माइलको संगीत रहेको 'मेरी सानी के गर्दै होलीन' बोलको गीत सार्वजनिक गरिएको छ । बिहिबार राजधानीमा आयोजित एक कार्यक्रमका गीत सार्वजनिक गरिएको हो ।

सार्वजनिक गीत लोक आधुनिक शैलीको छ । गीतमा डिपी खनाल र सुधा खनालको शब्द र रबिन लिम्बुको स्वर रहेको छ । चर्चित छायाँकार सौरभ लामा यसै भिडियो मार्फत भिडियो निर्देशनमा डेब्यु गरेका छन् । भिडियोमा चर्चित नायक आर्यन सिग्देल र नायिका रुविना थापाको अभिनय रहेको छ ।

आधुनिक, पप लगायत लोक शैलीमा कयौं हिट गीत दिइसकेका शंकरले सार्वजनिक गीतले पनि दर्शकको मन जित्ने विश्वास राखेका छन् । शब्दको भाव अनुसार लोक फ्लेवर दिएको बताउँदै शंकरले आफ्ना अघिल्ला गीतहरु जस्तै यसले पनि सफलता पाउने विश्वास ब्यक्त गरेका छन् ।

समय सान्दर्भिक शब्दहरु गीतका माध्यमबाट ब्यक्त गर्न सफल डिपी खनालले यो गीतले आम स्रोताको भावनालाई प्रतिनिधित्व गर्ने विश्वास राखेका छन् । कार्यक्रममा बोल्दै नायक आर्यन सिग्देलले आफुले गीतको भिडियोलाई न्याय दिने कोसिस गरेको बताए । यस्तै नायिका रुविना थापाले पनि गीतबाट दर्शक निराश नहुने बताइन् ।

कार्यक्रममा गीतलाई शुभकामना दिन थुप्रै चलचित्रकर्मी तथा संगीतकर्मीहरु उपस्थित भएका थिए ।

## रोमान्टिक पुष्प र सलिना



**काठमाडौं/मस–** गायिका रानी शाक्यले आफ्नो नयाँ गीत 'धेरै प्रश्न'को भिडियो दर्शकमाझ ल्याएकी छिन् । रानी शाक्य नामक युट्युब च्यानलमा शुक्रबार रिलिज भएको उक्त भिडियोको निर्देशन दीपेन्द्र लामाले गरेका हुन् ।

भिडियोमा पुष्प खड्का, सलिना खत्री र कृष्ण सिवाकोटीले अभिनय गरेका छन् । राजेश शाक्यको शब्द र कल्याण सिंहको संगीत समेटिएको गीतको भिडियो काठमाडौंका विभिन्न स्थानमा खिचिएको हो । भिडियोमा बुद्ध थापाको छायांकन, कृष्ण भण्डारीको सम्पादन, निर्मला खत्रीको कोरियोग्राफी र समरा जोशीको शृंगार रहेको छ । भिडियोमा एक पुस्तकप्रेमी युवती र युवकको विछोडको कथालाई ननलिनियर शैलीमा देखाइएको छ ।

